# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२८६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ९६ | काठमाडौं | सोमबार, १२ साउन २०८२ | Prabhab National Daily | Monday, 28 July 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# मिडिया काउन्सिललाई स्वतन्त्रता र स्वायत्त बनाउन माग



मिडिया काउन्सिल पत्रकार, उपभोक्ता र विज्ञ सबैको प्रतिनिधित्व गर्ने ढाँचामा हुनुपर्छ । काउन्सिल १५ सदस्यीय अध्यक्ष पत्रकारबाहेकको वा पूर्वन्यायाधीशबाट हुँदा राम्रो हुन्छ ।

**तारानाथ दाहाल**
पूर्वअध्यक्ष, नेपाल पत्रकार महासंघ

काउन्सिलले कारबाही होइन, स्वनियमन र नैतिक मापदण्डको प्रवर्द्धनमा जोड दिनुपर्छ ।

**शिव गाउँले**
पूर्वअध्यक्ष, नेपाल पत्रकार महासंघ

कुनै पनि संस्था बलियो हुन स्वायत्तता, कोष र जवाफदेहिता आवश्यक पर्छ, तर विधेयक यी सबैमा कमजोर छ ।

**डा. रघु मैनाली**
सञ्चारविज्ञ

**प्रभाव संवाददाता**

**काठमाडौं–** 'मिडिया काउन्सिल विधेयक'लाई संशोधन गरेर मात्रै अगाडि बढाउन सञ्चार क्षेत्रका विज्ञहरूले सुझाव दिएका छन् । काउन्सिललाई सरकारको नियन्त्रणमा राख्नेगरी विधेयक आएकोप्रति उनीहरूले आपत्ति जनाए ।

प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा आइतबार आयोजित 'मिडिया काउन्सिल विधेयक, २०८० ' सम्बन्धी अन्तरक्रियामा बोल्ने सञ्चारविज्ञहरूले विधेयक संशोधन गरी काउन्सिललाई स्वतन्त्र, स्वायत्त र उत्तरदायी बनाउनुपर्ने बताए ।

'मिडिया काउन्सिल पत्रकार, उपभोक्ता र विज्ञ सबैको प्रतिनिधित्व गर्ने ढाँचामा हुनुपर्छ,' नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले भने, 'काउन्सिल १५ सदस्यीय अध्यक्ष पत्रकारबाहेकको वा पूर्वन्यायाधीशबाट हुँदा राम्रो हुन्छ ।' विधेयकमा लामो समयदेखि बहस भए पनि निष्कर्ष ननिस्किएको भन्दै उनले गम्भीर सुधारको माग गरे ।

महासंघका पूर्वअध्यक्ष शिव गाउँलेले मिडिया काउन्सिललाई प्रेस र राज्यबीच 'संवेदनशील सन्तुलन' कायम राख्ने निकायका रूपमा लिनुपर्ने धारणा राखे । 'यो संरचनाले प्रेसद्वारा गर्नसक्ने ज्यादती र राज्यद्वारा हुनसक्ने हस्तक्षेप दुवैलाई नियन्त्रण गर्न सक्नुपर्छ,' उनले भने, 'काउन्सिलले कारबाही होइन, स्वनियमन र नैतिक मापदण्डको प्रवर्द्धनमा जोड दिनुपर्छ ।'

सञ्चारविज्ञ डा. रघु मैनालीले विधेयकलाई 'नियन्त्रणमुखी' भन्दै आलोचना गरे । 'कुनै पनि संस्था बलियो हुन स्वायत्तता, कोष र जवाफदेहिता आवश्यक पर्छ, तर विधेयक यी सबैमा कमजोर छ,' उनले भने ।

डा. सुरेश आचार्यले काउन्सिल गठनमा पत्रकारहरूको मात्र बहुमत नराख्न सुझाव दिए । मन्त्रालयबाट तोकिएको व्यक्ति प्रमुख हुने संरचनाले स्वायत्तता कुण्ठित हुने उनको भनाइ थियो । रत्नराज्यलक्ष्मी क्याम्पसका उपप्राध्यापक जगत् नेपालले विधेयकमा देखिएको संरचनात्मक कमजोरीले स्वतन्त्र नियामक निकायको अवधारणामाथि प्रश्न उठाएको बताए ।

क्रमशः पृष्ठ २ मा

# 'वाइडबडी' खरिद प्रकरणको छानबिनमा अख्तियार प्रमुख राईमाथि प्रश्नैप्रश्न

- सुशासनको अख्तियारी पाएको व्यक्तिबाटै छानबिनमा आफूलाई उम्काउन खोजेको भन्दै प्रेमकुमार राईविरूद्ध अख्तियारमै उजुरी
- सत्तारूढ दलका सांसदको माग– विशेषबाट प्रश्न उठेपछि कि त राजीनामा आउनुपर्‍यो, कि त महाभियोग लगाउनुपर्‍यो
- साउन ७ गते बुधबार अख्तियार प्रमुख राईमाथि विशेष अदालतले आफू चोखिनेगरी मुद्दा दायर गरेको भन्दै प्रश्न गरेको थियो



**प्रभाव संवाददाता**

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईमाथि विशेष अदालतले प्रश्न उठाएसँगै उनी विवादमा तानिएका छन् । सुशासन कार्यान्वयनको अख्तियारी पाएका राईले 'वाइडबडी प्रकरण'मा आफू चोखिनेगरी मुद्दा अघि बढाएको भन्दै उनीमाथि प्रश्न उठ्न थालेको हो ।

आइतबार राईविरुद्ध अख्तियारमै उजुरी परेको छ । युवराज पौडेलले राईमाथि छानबिनको माग गर्दै उजुरी दर्ता गरेका हुन् । 'अख्तियारका प्रमुख आयुक्तको जिम्मेवारीमा रहेका प्रेमकुमार राईमाथि तत्काल पूरक अभियोगपत्रमार्फत मुद्दा दायर गरी हदैसम्मको कारबाही गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई आग्रह गर्दै उजुरी पेस गरेको छु,' पौडेलले दर्ता गरेको उजुरीपत्रमा भनिएको छ ।

२०८० मंसिर २० मा यस प्रकरणबारे विशेष अदालतले फैसला गरेकोमा साउन ७ गते पूर्णपाठ सार्वजनिक गर्दै राईमाथि प्रश्न उठाएको हो । विशेषले सार्वजनिक गरेको उक्त मुद्दाको पूर्णपाठमा हालका अख्तियार प्रमुख राई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिव हुँदा उक्त जहाज खरिद कार्यमा प्रत्यक्ष संलग्न रहेको उल्लेख गरिएको छ । पूर्णपाठअनुसार राईकै अध्यक्षमा २०७३ वैशाख २ गते निगम सञ्चालक समितिको बैठक बसेको थियो । तर अख्तियारले दायर गरेको आरोपपत्रमा भने त्यस निर्णयबारे कुनै विवाद नगरेको अदालतको टिप्पणी छ । अख्तियारले २०८० चैत २२ गते एक अर्ब ४७ करोड १० लाख ८५ हजार ८४२ रूपैयाँ बिगो मागदाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

यसरी अख्तियार प्रमुखमाथि चौतर्फी प्रश्न उठ्दा संस्थागत विश्वसनीयता घटेको कांग्रेसकी राष्ट्रिय सभा सदस्य कमला पन्तले बताइन् । 'संस्थागत विश्वासनीयता घट्दै गएको छ । सेवाप्रदायक र सेवग्राहीबीच अविश्वास बढेको छ,' पन्तले आइतबारको राष्ट्रिय सभा बैठकमा भनिन्,

क्रमशः पृष्ठ २ मा

## राईमाथि के छ प्रश्न ?

विशेष अदालतले वाइडबडी खरिदको उपसमितिमै रहेका प्रेमकुमार राईको काम कसैलाई अभियोजन गर्ने र कसैलाई नगर्ने 'चयनमुखी' कार्य भएको भन्दै प्रश्न गरेको हो । 'निगमको आर्थिक विनियमावली २०६५ को विनियम २३६ (१) (क) बमोजिम व्यवस्थापनबाट अध्ययन गरी निगमका लागि दुई वटा वाइडबडी विमानहरू खरिद गर्ने सम्बन्धमा प्रस्तुत प्रस्तावअनुसार खरिद कार्य अघि बढाउन उपरोक्त विनियमावलीको विनियमकै (ख) अनुसार खरिद प्रस्तावको अध्ययन गरी प्रतिवेदन पेस गर्न नियमानुसार वाइडबडी खरिद उपसमिति गठन गर्ने,' निर्णय भएको छ । विशेषको फैसलामा अख्तियारको आरोपपत्रमा उक्त निर्णयका सम्बन्धमा कुनै विवाद गरिएको देखिँदैन ।

क्रमशः पृष्ठ २ मा

एउटै कार्यमा संलग्न कसैलाई अभियोजन नै नगर्ने र कसैलाई अभियोजन गर्नेजस्तो चयनमुखी दृष्टिकोण अवलम्बन गरिएको देखिन्छ । चयनमुखी अभियोजन गर्नु समान न्यायको सिद्धान्तविरूद्ध हुन्छ । यस्तो कार्यले कानुन सबैका लागि बराबर हो भन्ने भावनामा आघात पुर्‍याउँछ र न्यायप्रतिको विश्वास कमजोर बनाउँछ ।

**विशेष अदालत**

अख्तियारका प्रमुख आयुक्त राईको सवालमा प्रश्न उठेको छ । अन्यमाथि मुद्दा अभियोजन गरे पनि प्रमुख राईमाथि चयनमुखी दृष्टिकोण अपनाइएकोप्रति आपत्ति जनाएको छ विशेष अदालतले । कि म माथि पनि अनुसन्धान होस् भनेर राजीनामा दिनुपर्‍यो । होइन भने महाभियोग लगाउनुपर्‍यो ।

**कमला पन्त**
राष्ट्रिय सभा सदस्य

**सन्दर्भ: वैदेशिक रोजगार**

# सेवा शुल्क तोक्ने विषयमा सरोकारवालाको सुझाव लिँदै सरकार

### व्यवसायलाई मर्यादित बनाउन शुल्क तोक्नुपर्ने व्यवसायीको माग

**ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाँदा श्रमिकले तिर्नुपर्ने सेवा शुल्क निर्धारण गर्ने विषयमा सरकारले छलफल तीव्र पारेको छ । यसका लागि विभिन्न मन्त्रालय, ट्रेड युनियन, वैदेशिक रोजगार व्यवसायीलगायत सरोकारवाला पक्षसँग निरन्तर छलफलमा रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ ।

वैदेशिक रोजगारीको क्षेत्रमा देखापरेका समस्याको समाधानका लागि वैदेशिक रोजगार ऐन २०६४ का विभिन्न प्रावधानमा संशोधन आवश्यक रहेको सरोकारवालाहरूले बताउँदै आएका छन् । मन्त्रालयले जारी राखेको सहसचिवस्तरीय छलफलमा ऐनका विभिन्न प्रावधानका साथै सेवा शुल्क निर्धारणको विषयलाई प्राथमिकतामा राखिएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए ।

'सेवा शुल्कको विषय पनि मुख्य विषय हो । यसले गर्दा दुई-तीन वटा चुनौतीपूर्ण स्थिति सिर्जना भएको छ । अहिले वैदेशिक रोजगार क्षेत्रको इकोनोमी 'ब्ल्याक बक्स'मा गएको छ । सरकारले कर पाएको छैन,' घिमिरेले भने, 'श्रमिकले पैसा तिरिरहनुपरेको छ तर पैसा तिरेको प्रमाण नहुँदा ऊ पीडित छ । अर्कोतर्फ व्यवसायीको आम्दानीको स्रोत क्लियर छैन । श्रमिक, राज्य र व्यवसायी तीनवटै पक्षलाई यसले असर गरिरहेको छ ।'

यसमा विभिन्न पक्षको आ-आफ्नै तर्क आएकाले व्यापक छलफल आवश्यक रहेको उनले बताए । 'के गर्ने भन्नेमा विभिन्न कोणबाट छलफल भइरहेको छ । यसमा कानुन व्यवसायी साथीहरूको आफ्नै भनाइ छ ।

क्रमशः पृष्ठ २ मा



अहिले वैदेशिक रोजगार क्षेत्रको इकोनोमी 'ब्ल्याक बक्स'मा गएको छ । सरकारले कर पाएको छैन । श्रमिकले पैसा तिरिरहनुपरेको छ तर प्रमाण नहुँदा ऊ पीडित छ । अर्कोतर्फ व्यवसायीको आम्दानीको स्रोत क्लियर छैन । श्रमिक, राज्य र व्यवसायी तीनवटै पक्षलाई यसले असर गरिरहेको छ ।

**डण्डुराज घिमिरे**
प्रवक्ता, श्रम मन्त्रालय



कामदारले पनि सूचनाको हकबमोजिम आफू जाने मुलुकको सेवा शुल्क कति हो भन्ने थाहा पाउनुपर्छ । शुल्क तोकियो भने हामीले पनि लिएको शुल्कबापतको कर राज्यलाई तिर्न पायो । व्यवसायी पनि मर्यादित र सम्मानित हुन पायो ।

**भुवनसिंह गुरुङ**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

# प्रगतिशीलकी खड्का लोकतान्त्रिक एसोसिएसनमा प्रवेश



**काठमाडौं (प्रस)–** रियो ओभरसिज प्रालिकी सञ्चालक रमा खड्का नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा प्रवेश गरेकी छन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको साधारण सदस्य रहेकी उनी आइतबार मञ्च परित्याग गर्दै एसोसिएसनमा प्रवेश गरेकी हुन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमिति सदस्यसमेत रहेकी खड्कालाई आइतबार एक समारोहबीच एसोसिएसनमा प्रवेश गराइएको एसोसिएसनका कार्यवाहक महासचिव तुलसी पुरीले जानकारी दिए । एसोसिएसनको आइतबार नै बसेको बैठकले कार्यसमिति सदस्य रविन मेगाले मगरले दिएको राजीनामा स्वीकृत गरेको उनले बताए । मगरले कार्यव्यस्तता जनाउँदै राजीनामा दिएका थिए । रिक्त रहेको उक्त पदमा जयहरी गोइतलाई नियुक्त गरिएको महासचिव पुरीले बताए ।

सोही अवसरमा एसोसिएसनका कानुनी सल्लाहकार अधिवक्ता अनुपम भट्टराई र सल्लाहकारहरू दानबहादुर बुढाथोकी, श्यामप्रसाद श्रेष्ठ, डा. अम्बिका शर्मा, दिलबहादुर धिताल, त्रिलोकचन्द विश्वास विक र खेमनारायण पौडेललाई बधाइ एवं शुभकमना दिइएको उनले बताए ।




## पृष्ठ १ बाट क्रमशः

## 'वाइडबडी'...

'आर्थिक अनियमितता गरे त्यसमा मुद्दा चलाउने जिम्मेवारी जनताले अख्तियारलाई दिएको छ । तर रक्षक नै भक्षक भयो भने के हुन्छ ? जनता कसरी भर पर्ने ?'

विशेष अदालतले राईमाथि चयनमुखी दृष्टिकोण अपनाइएको उल्लेख गर्दै प्रतिनिधिसभामासमेत यसबारे प्रश्न नउठ्दा अचम्म परेको उनले बताइन् । 'अख्तियारको प्रमुख आयुक्त हुनुहुन्छ प्रेमकुमार राई । तर, उहाँको सवालमा प्रश्न उठेको छ । अन्यमाथि मुद्दा अभियोजन गरे पनि प्रमुख राईमाथि चयनमुखी दृष्टिकोण अपनाइएकोप्रति आपत्ति जनाएको छ विशेष अदालतले,' उनले भनिन्, 'कि व्यक्ति बोल्नुपर्‍यो । म माथि पनि अनुसन्धान होस् भनेर । राजीनामा दिएर अनुसन्धान होस् भन्नुपर्‍यो । नत्र सरकार बोल्नुपर्‍यो ।'

कसैले प्रश्न नगरेको सन्दर्भमा राईमाथि महाभियोग लगाउने सकिने सांसद पन्तको भनाइ थियो । 'कोही बोल्दैन भने संसद्माथि मेरो भन्नु छ, व्यवस्थापिका संसद् त्यो पनि बोल्दैन । महाभियोग लगाउनुपर्‍यो, संविधानको धारा १०१ मा महाभियोगको व्यवस्था छ, हामी बोल्ने कि नबोल्ने ? सरकार बोल्ने कि व्यक्ति बोल्ने ? अब हामी बोल्ने । त्यसको बारेमा हामीले निर्णय गर्नु छ,' उनले भनिन् ।

### के हो वाइडबडी प्रकरण ?

नेपाल वायुसेवा निगमको २०७३ वैशाख २ गतेको सञ्चालक समितिको बैठकले दुईवटा वाइडबडी विमान खरिद गर्ने निर्णय गरेको थियो । २०७५ असारमा फ्रान्सबाट दुईवटा एयरबस ए ३३०-२०० नेपाल भित्रियो । उक्त जहाज खरिदमा डेढ अर्ब रूपैयाँ भ्रष्टाचार भएको भन्दै अख्तियारले २०८० चैत २२ मा विशेष अदालतमा दर्ता गरेको थियो ।

यो मुद्दामा पूर्वपर्यटन सचिव तथा वायुसेवा निगमका तत्कालीन सञ्चालक समितिका अध्यक्ष शंकरप्रसाद अधिकारी, निगम सञ्चालक समितिमा सदस्यका रूपमा प्रतिनिधित्व गरेका पूर्वअर्थसचिव शिशिरकुमार ढुंगाना र पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने र वायुसेवा निगमका तत्कालीन महाप्रवन्धक सुगतरत्न कंसाकारलाई भ्रष्टाचारी ठहर गरेर अरू ३२ प्रतिवादीमध्ये विदेशीबाहेक सबैलाई सफाइ दिइएको थियो ।

अख्तियारले अधिकारी, ढुंगाना, लामिछाने र कंसाकारलाई मात्रै दोषी ठहर गरेर उनीहरूबाट जनही १२ करोड २५ लाख ९० हजार ४५७ रूपैयाँ जरिवाना र त्यति नै रकम बिगो असुल हुनुपर्ने ठहर गरेको छ । उनीहरूमध्ये कंसाकारलाई दुई वर्ष छ महिना र थप तीन महिनाको सजाय माग गरेको छ । अन्यको हकमा एक वर्ष पाँच महिनासहित सार्वजनिक पद धारण गरेका कर्मचारी भएकोले थप तीन महिनाको कैद सजाय माग गरेको छ ।

यद्यपि, कंसाकार ज्येष्ठ नागरिक भएकोले उनको हकमा ज्येष्ठ नागरिक ऐनअनुसार ५० प्रतिशत सजाय छुट गरेर एक वर्ष चार महिना १५ दिनमात्रैको कैद सजाय गर्न अदालतले आदेश दिएको छ । विशेषले जारी गरेको फैसलामा चित्त नबुझे ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदनमा जाने समयसमेत दिइएको छ ।

■■■

## राईमाथि...

खरिद प्रक्रियामा संलग्न अन्य व्यक्तिहरूको हकमामात्र सोही निर्णयका आधारमा अघि बढाइएको खरिद कार्यलाई हानिनोक्सानी भएको भ्रष्टाचारजन्य कसुरको मागदाबी लिई प्रस्तुत आरोपपत्र दायर हुन आएको देखिन्छ ।

निगमको जहाज खरिद प्रक्रियामा सामेल रहेका अख्तियार प्रमुख राई र निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीको हकमा अख्तियारले कुनै आरोप दाबी लिइएको छैन । विशेषको फैसलामा भनिएको छ, 'एउटै कार्यमा संलग्न कसैलाई अभियोजन नै नगर्ने र कसैलाई अभियोजन गर्नेजस्तो चयनमुखी दृष्टिकोण अवलम्बन गरिएको देखिन्छ । चयनमुखी अभियोजन गर्नु समान न्यायको सिद्धान्तविरुद्ध हुन्छ । यस्तो कार्यले कानुन सबैका लागि बराबर हो भन्ने भावनामा आघात पुर्‍याउँछ र न्यायप्रतिको विश्वास कमजोर बनाउँछ ।'

■■■

## मिडिया...

'यो प्रेस काउन्सिलभन्दा शक्तिशाली हुनुपर्ने हो, तर प्रस्तावित ढाँचा कमजोर देखिएको छ,' उनले भने, 'अध्यक्षको नियुक्ति पनि संवैधानिक आयोगस्तरको हुनुपर्छ ।' काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक डा. सुधांशु दाहालले विधेयकमा प्रयोग गरिएका अस्पष्ट र आत्मपरक शब्दावलीले स्वायत्तता गुम्ने संकेत दिएको उल्लेख गरे । 'खुला प्रतिस्पर्धाबाट आफ्नो प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्ने अधिकार काउन्सिलको हुनुपर्छ । हरेक बुँदा हेर्दा स्वायत्ता र स्वनियममा चुनौती देखिन्छ । संरचनात्मक सुधारमा गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । नियामकभन्दा नियन्त्रण गर्ने निकाय बनाउने जस्तो देखिन्छ । यस्तो हुनुहुँदैन,' उनले भने ।

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा. ऋषिकेश दाहालले विधेयकले हालकै प्रेस काउन्सिलभन्दा पनि पछि जाने बाटो देखाएको बताए । त्यस्तै, अर्का उपप्राध्यापक डा. श्रीराम पौडेलले मिडिया साक्षरतालाई स्वनियमनका लागि आधार बनाउनुपर्नेमा जोड दिए । सार्वजनिक सेवा प्रसारण संस्था नेपालका अध्यक्ष डा. महेन्द्र विष्टले मिडियामा प्रविधिले ल्याएको परिवर्तन आत्मसात् गर्न काउन्सिल सक्षम बन्नुपर्ने बताए ।

विधेयकले मिडियाको डिजिटल संक्रमण, प्रविधि र मिडिया लिटरेसी जस्ता विषयवस्तु समेट्न नसकेकामा विज्ञहरूले आलोचना गरे । उनीहरूले विधेयकलाई सुधारसहित अघि बढाउन आग्रह गरेका थिए । पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा नयाँ कानुनको मस्यौदा आवश्यक रहेको विधेयकमा भनिएको छ । विधेयक २०८१ वैशाख १२ राष्ट्रिय सभामा दर्ता भएको थियो । उक्त विधेयक गत माघ २८ राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधिसभामा आएको थियो ।

■■■

## सेवा शुल्क...

अन्तर्राष्ट्रिय चलन फ्रि-भिसा, फ्रि-टिकेट हो, त्यतातिर जानुपर्छ भन्ने छ एक थरिको भनाइ । व्यवसायीहरूको आफ्नै तर्क छ,' उनले भने, 'कि रोजगारदाताले तिरेपछि मात्र पठाउने सिस्टम बनाउनुपर्‍यो । अहिलेको प्रतिस्पर्धी बजारमा यो सम्भव छ छैन सबैकुरा हेर्नुपर्ने हुन्छ ।' शुल्क तोक्ने या नतोक्ने भन्ने विषय भने छलफलकै क्रममा रहेको उनले बताए ।

वैदेशिक रोजगार ऐनको उपदफा २४ मा सेवा शुल्क तथा प्रवर्द्धन खर्चसम्बन्धी प्रावधान छ । तर कुन देशका लागि कति शुल्क तिर्नुपर्ने भन्ने स्पष्ट व्यवस्था नहुँदा व्यवसायीको मनपरि शुल्कको मारमा श्रमिकहरू परिरहेका छन् । सरकारले भनेको फ्रि भिसा, फ्रि टिकटमा व्यवसायीहरू काम गर्न तयार नहुँदा श्रमिकहरू उल्टै विनाप्रमाण लाखौं तिरेर रोजगारीमा जान बाध्य छन् । यसले श्रमिकदेखि राज्यलाई नै अप्ठ्यारोमा पार्न थालेपछि पुनर्विचारमा सरकार जुटेको छ ।

### शुल्क निर्धारण गर्नुपर्ने पक्षमा व्यवसायी

सेवा शुल्कका विषयमा स्पष्ट प्रावधान नहुँदा व्यवसायीमाथि सधैं औंला उठ्ने गरेकाले वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउन यथाशक्य चाँडो शुल्क निर्धारण गर्नुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङ बताउँछन् । सेवा शुल्कको विषयलाई अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले पनि स्वीकार गरेकाले अन्तर्राष्ट्रिय अभ्यासअनुसार शुल्क निर्धारण हुनुपर्ने उनको तर्क छ ।

'व्यवसायीले कति लिने भन्ने स्पष्ट छैन । कामदारले पनि सूचनाको हकबमोजिम आफू जाने मुलुकको सेवा शुल्क कति हो भन्ने थाहा पाउनुपर्‍यो नि । शुल्क तोकियो भने हामीले पनि लिएको शुल्कबापतको कर राज्यलाई तिर्न पायो । व्यवसायी पनि मर्यादित र सम्मानित हुन पायो,' उनले भने, 'शुल्क निर्धारण नहुँदासम्म अन्योलता कायम भइरहने र एक आपसमा आरोप लगाउने काम भइरहन्छ ।'

नेपाल राष्ट्र बैंकले मौद्रित नीतिमार्फत वैदेशिक रोजगारीमा जानेलाई ऋण दिने व्यवस्था गर्नुले पनि सेवा शुल्क निर्धारणको संकेत देखाएको गुरुङको भनाइ छ । 'राज्यले विदेश जानेलाई १० हजार रूपैयाँ लिने भन्छ । तर तीन लाख रूपैयाँ त बैंकले नै दिने भइसक्यो । १० हजार रूपैयाँले त पुग्दैन रहेछ नि ! यो पनि सेवा शुल्क तोक्ने लक्षण हो,' गुरुङले भने ।

### मोटर साइकल हरायो

**श्री हुलास इन्भेष्टमेन्ट प्रा.लि संस्थाबाट ऋणी एम.पि.बि.कन्ट्रसन एण्ड मल्टिप्रपोज कम्पिनी**को नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८२/०४/०५ गते का.जि.का.म.न.पा.-०८, उमा कुण्ड सडक छेउमा पार्किङ्ग गरी राखेको ठाऊबाट बिहान ६:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार: Pulsar 150cc
बाई नं : BA Pra 02, 058 PA 4493
चेसिस नं : MD2A11CX25PA68632
इन्जिन नं : DHXPSA54021
रङ : निलो
सम्पर्क : 9851008435

### मोटरसाइकल हराएको सूचना

मिति २०८२।०४।०२ गते का.जि.का.म.न.पा -८, पशुपति, गौशला स्थित पार्किङ गरिराखेको कालो, निलो रङ्को बजाज 220 cc Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : दिपक कुमार पाण्डे**
**बाइक नं.: बा.प्र. ०२, ०५५ प १२८८**
**च्यासिस नं.: MD2A13EX8RCH83585**
**इन्जिन नं. : DKXCRH48646**
**ठेगाना : काठमाडौं**
**सम्पर्क: ९८५११८७२८३**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/१२/३० मा दर्ता भएको **प्रा. लि. नं. ३११००१** को **वर्ल्ड क्लास टुर्स एण्ड ट्राभल्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०४/१२**

यस कम्पनीको मिति २०८२/०२/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस्पायर टु लाइफ ग्रिन इकोलोजिकल गार्डेन** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्हयोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **साकुराबासी जापानिज ल्याङ्वेज ट्रेनिङग ईन्स्टिच्युट** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्होर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **साकुराबासी जापानिज ल्याङ्वेज ट्रेनिङग ईन्स्टिच्युट(प्रा.लि.नं.१५८५७८)** कायम गरिएको व्होरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/११/२२ मा दर्ता भएको **प्रा.लि.नं. १८५१३१** को **नेपालगञ्ज इन्फ्रास्ट्रक्चर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्होरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगार

कम्पनी : THAMER RASSAM BIN ABDULHADI AL RASSAM TRADING EST

पूर्व स्वीकृति मिति : २०८२/04/११ | LT. No. 327791 | चलानी नं. ६०२४१७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 2 | 0 | 1000 | ३६,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80

## साउदीमा रोजगार

कम्पनी : BARRAK NASSER MASOUD ALDOSSARI FOR TRANSPORTATION

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | पूर्व स्वीकृति मिति : २०८२/04/११ | LT. No. 323654 | चलानी नं.६०२२८०९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 18 | 0 | 2500 | ३६,८५२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Road Maintenance Labor | 12 | 0 | 1000 | ३६,८५२ | | | | | | | |
| 3 | Heavy Truck Drivers | 18 | 0 | 1800 | ६६,३३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, +977 985-1358431
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम इजाजत नं. 1365/074/75

## कुवेतमा रोजगार

कम्पनी : WINGMAN WORLD FOOD SERVICE MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/११ | LT. No. 296544 | चलानी नं. ६०२११६६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 110 | ४९,७८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook/cook Assistant/chef/ Chef Assistan | 3 | 0 | 150 | ६७,८९० | | | | | | | |
| 3 | Waitress | 0 | 2 | 130 | ५८,८४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएइ/कुवेत/साउदीमा रोजगार

कम्पनी : SAN SQUARD INTERIORS LLC — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/११ | LT. No. 321724 | चलानी नं.६०२३५८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४५,१७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixture | 4 | 0 | 1200 | ४५,१७० | | | | | | | |
| 3 | Construction Carpenter | 3 | 0 | 1200 | ४५,१७० | | | | | | | |

कम्पनी : THERAPIST HEALTH SPA CO. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/04/०९ | LT. No. 327805 | चलानी नं.६०२४१६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 2 | 0 | 150 | ६७,८९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Massage Therapist | 10 | 0 | 150 | ६७,८९० | | | | | | | |

कम्पनी : FUTURE PIPE INDUSTRIES. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/04/०९ | LT. No. 327839 | चलानी नं.६०२४१६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing worker | 1 | 0 | 1000 | ३६,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

## कुवेतमा रोजगार

कम्पनी : Khalid Ali AlKharafi & Bros Co. for Construction &Contracting K.S.C.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/११ | LT. No. 318229 | चलानी नं. ६०२३२५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 15 | 0 | 95 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Land Seveyor | 3 | 0 | 500 | ४५,२६० | | | | | | | |
| 3 | Driver | 3 | 0 | 180 | ८१,४७० | | | | | | | |
| 4 | Facbrication Foreman | 4 | 0 | 280 | १२६,७३० | | | | | | | |
| 5 | Cnc Router Machine Operator | 2 | 0 | 180 | ८१,४७० | | | | | | | |
| 6 | Fabricator | 20 | 0 | 140 | ६३,३६५ | | | | | | | |
| 7 | Erector | 15 | 0 | 140 | ६३,३६५ | | | | | | | |
| 8 | Safety Officer | 3 | 0 | 380 | १७१,९९० | | | | | | | |
| 9 | Steel Fitter | 20 | 0 | 140 | ६३,३६५ | | | | | | | |
| 10 | Welder | 15 | 0 | 110 | ४९,७८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**सोमबार, १२ साउन, २०८२**

| | |
|---|---|
| **मेष** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **वृष** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **मिथुन** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **कर्कट** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **सिंह** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **कन्या** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **तुला** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **वृश्चिक** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **धनु** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **मकर** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कुम्भ** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **मीन** | रोकिएका कम बन्ने नयाँ योजना । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ साउन , २०८२ (२८ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.१३ | १३८.७३ |
| युरो | १ को | १६१.७९ | १६२.४९ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.६६ | १८६.४७ |
| स्विस फ्रैन्क | १ को | १७३.२१ | १७३.९७ |
| अस्ट्रेलियन डलर | १ को | ९०.६१ | ९१.०१ |
| क्यानाडियन डलर | १ को | १००.९९ | १०१.४३ |
| सिङ्गापुर डलर | १ को | १०७.७६ | १०८.२३ |
| जापानी येन | १० को | ९.३४ | ९.३८ |
| चिनियाँ युआन | १ को | १९.२७ | १९.३५ |
| साउदी अरब रियाल | १ को | ३६.८२ | ३६.९८ |
| कतारी रियाल | १ को | ३७.७९ | ३७.९६ |
| थाई भाट | ख १ को | ४.२६ | ४.२८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६१ | ३७.७७ |
| मलेसियन रिङेट | १ को | ३२.७२ | ३२.८६ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १४.४८ | १४.५४ |
| डेनिस क्रोनर | १ को | २१.६७ | २१.७७ |
| हङकङ डलर | १ को | १७.६० | १७.६७ |
| कुवेती दिनार | १ को | ४५२.३८ | ४५४.३५ |
| बहराइन दिनार | १ को | ३६६.४८ | ३६८.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# गण्डकीमा ६०० भन्दा बढीमा डेंगी संक्रमण

**गण्डकी (प्रस)–** गण्डकी प्रदेशमा गत पुसयता ६०९ जनामा डेंगी संक्रमण पुष्टि भएको छ । वर्षायाम सुरु भएपछि डेंगी संक्रमण बढ्दै गएको प्रदेशस्थित स्वास्थ्य मन्त्रालयले जनाएको छ। गत जेठमा १६९ जनामा डेंगी देखिएकामा असारलाई लागेपछि हालसम्म १८५ जनामा उक्त रोगको संक्रमण पुष्टि भएको हो । प्रदेशमा सबैभन्दा बढी कास्कीमा ३०७, तनहुँमा १०१, लमजुङ ७७, गोरखा ४६, स्याङ्जा २८, बागलुङ १९, पर्वत १७, म्याग्दी १० र नवलपुरमा चार जनामा डेंगी संक्रण पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

हालसम्म मुस्ताङ र मनाङमा भने डेंगीका बिरामी भेटिएका छैनन् । कास्कीमा संक्रमण पुष्टि भएका ३०७ मध्ये १०३ जना पोखरा महानगरपालिकाका रहेका छन् । प्रदेशभरमा हालसम्म पुष्टि भएका डेंगीका बिरामीमध्ये झण्डै आधा पोखरा महानगरपालिकामा भेटिएका हुन् ।

साउनदेखि कात्तिकसम्म डेंगी संक्रमण बढ्ने जोखिम उच्च रहने भएकाले आगामी दिनमा संक्रणको दर बढ्दै जाने जनाइएको छ । प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले डेंगी संक्रमणको न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनका लागि मन्त्रालय मातहतका सबै निकाय तयारी अवस्थामा राखिएको बताए । गत वर्ष प्रदेश राजधानी पोखरा डेंगीको 'हटस्पट' बनेकाले यसवर्ष संक्रमण बढ्न नदिन उच्च सतर्कता अपनाइएको उनको भनाइ छ ।

पोखरा महानगरसहित प्रदेशका स्थानीय तहहरूले समुदायस्तरमा डेंगी फैलनबाट रोक्न डेंगी सार्ने लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सुरु गरेका छन् । उक्त लामखुट्टेको टोकाइबाट बच्न सचेतना जगाउने र अभिमुखीकरण गर्ने काम भइरहेको छ । गत वर्ष पोखरा महानगरपालिकामा मात्र आठ हजार ६०० जनाभन्दा बढीमा डेंगी संक्रमण भएको थियो । डेंगी संक्रमणबाट पोखराका तीन जनाको मृत्यु भएको थियो ।

गत वर्षको भदौ पहिलो हप्तादेखि असोज पहिलो हप्तासम्ममा पोखरामा छ गुणाले डेंगी संक्रण बढेको थियो । लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान वडा तहदेखि सुरु गर्दै आए पनि डेंगी रोकथाम चुनौतीपूर्ण बन्दै गएको स्वास्थ्यकर्मीहरू बताउँछन् । हरेक व्यक्ति, परिवार र समुदाय सचेत नभएसम्म डेंगी रोकथाम र नियन्त्रण गर्न कठिन हुने उनीहरूको भनाइ छ ।

डेंगी फैलाउने लामखुट्टेको टोकाइबाट जोगिन घर, कार्यालय र सार्वजनिकस्थलमा रहेका खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडालगायत स्थानमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थल भेटिएमा नष्ट गर्नुपर्ने धवलागिरि प्रादेशिक अस्पतालका प्रमुख चिकित्सक किरण तिवारीले बताए । डेंगी रोग सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको बासस्थान सबैभन्दा बढी पुराना टायरभित्र जमेको सफा पानीमा रहने गरेको उनको भनाइ छ । 'सफा र जमेको पानीमा उक्त लामखुट्टेले फुल पार्ने र लार्भा हुर्काउने गर्दछ । लामखुट्टेको सोही जीवनचक्र खल्बल्याउन बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गर्ने गरिएको हो,' उनले भने ।

संक्रमितले तुरुन्त परीक्षण गरी र आवश्यकता अनुसार उपचार सुरु गर्नुपर्ने चिकित्सक तिवारीको भनाइ छ । डेंगीको संक्रमणपछि एक्कासि उच्च ज्वरो आउने, रक्तश्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखापर्ने प्रमुख तिवारीले बताए । संक्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले डेंगीलाई सामान्यरूपमा लिन नहुने उनको भनाइ छ । लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगी नियन्त्रणको उत्तम उपाय भएको उनले बताए ।

# सुनकोशी नदीमा निर्माणाधीन पुल पाँच वर्षदेखि अलपत्र



**काभ्रेपलाञ्चोक (प्रस)–** काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जोड्ने चेहेरेस्थित सुनकोशी नदीमा निर्माण सुरु गरिएको पक्की पुल पाँच वर्षदेखि अलपत्र परेको छ । काभ्रेपलाञ्चोकको कोशीपूर्वस्थित भुम्लु गाउँपालिकाको सापिङका विभिन्न वडा तथा बस्तीमा सडकको पहुँच पुर्‍याउने उद्देश्यले २०७७ भदौमा पुल निर्माणको सम्झौता गरिएको थियो । निर्माण कम्पनीले उक्त मोटरेबल पुलको काम समयमा नगर्दा भुम्लुका हजारौं नागरिकले सास्ती खेप्दै आउनुपरेको हो ।

सिन्धुपाल्चोकको चेहेरेलाई सडक सञ्जालसँग जोड्न लागि सुनकोशी नदीमा मोटरेबल पक्की पुल निर्माणार्थ सडक विभाग र अमर कन्स्ट्रक्सन प्रालिबीच २०७७ भदौ १० गते सम्झौता गरिएको थियो । २०८० जेठ २ गतेसम्म निर्माणको काम सम्पन्न गर्नुपर्ने सम्झौता गरिए पनि निर्माण व्यवसायीले विभिन्न बहाना बनाउँदै काममा आलटाल गरेकाले पाँच वर्षसम्म पुल अलपत्र बनेको स्थानीय बताउँछन् ।

विभागअन्तर्गतको पुल सेक्टर कार्यालयका इञ्जिनियर निरोज महर्जनका अनुसार पुल निर्माणको ठेक्का पाएको कम्पनीले विभिन्न बहाना गरेपछि कार्यालयले सम्पर्क गर्दासमेत सम्पर्कमा आएका छैनन् । सम्झौताको समय सीमाभित्र काम नगरेपछि पछिल्लोपटक २०८१ वैशाख २० गते विभागीय निर्णयअनुसार एकैपटक २३ महिना २५ दिनका लागि म्याद थप गरिए पनि निर्माण व्यवसायीले थपिएको समयमा पनि काम नगरेको महर्जनले बताए । उनका अनुसार पुल निर्माणार्थ थपिएको म्याद पनि गत जेठ ९ गते सकिएको छ ।

उक्त पुल निर्माण गर्न भ्याटसहित ११ करोड सात लाख ४२ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । हालसम्म पुलको तीनवटा पिल्लर उठाउनुका साथै काभ्रेपलाञ्चोकतर्फ एउटा स्पानमात्रै तयार भएको इञ्जिनियर महर्जनले जानकारी दिए । निर्माण कम्पनीलाई मौखिक र लिखितरूपमा सम्झौताअनुसार निर्माणका साथै बाढीबाट पुल जोगाउनका लागि नदी तटबन्धनको काम गर्न निर्देशन दिँदै आइएको भन्दै हालसम्म अटेर गर्दै आएका उनले बताए ।

भुम्लु गाउँपालिका-१ का वडाध्यक्ष लेखबहादुर श्रेष्ठले सुनकोशी नदीमा निर्माणाधीन पुलको काम सम्पन्न नहुँदा नागरिकले सास्ती खेप्नुपरेको बताए । 'पुल नबन्दा यहाँका नागरिकले १५ किलोमिटर बढी सडकको यात्रा गर्नुपर्ने बाध्यता छ, पुल बन्दा चार किलोमिटरमात्रै हिँडे पुग्थ्यो,' उनले भने । श्रेष्ठका अनुसार अहिले दोलालघाटहुँदै टार भएर १५ किलोमिटर बढी सडकको यात्रा गर्नुपर्ने बाध्यता छ । निर्माण व्यवसायीको लापरबाहीका कारण पुल बेवारिसे अवस्थामा रहेको बताउँदै सडक विभाग र निर्माण कम्पनीका प्रतिनिधिसँग छलफल गरी यसको विकल्प खोजिने उल्लेख गरे ।

## साउदीमा रोजगार

कम्पनी : MOHAMED HAMAD HAMMAM AND PARTNERS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/०९ | LT. No. 327852 | चलानी नं.६०२४१७२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpentry Construction Work | 6 | 0 | 1000 | ३६,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver Trailer | 1 | 0 | 1800 | ६६,३३५ | | | | | | | |

कम्पनी : RIFCOM EGG PRODUCTION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/०८ | LT. No. 327727 | चलानी नं.६०२४१५९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 2 | 0 | 1200 | ४४,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम ईजाजत नं. ९७१/०६७/०६८

## कतारमा रोजगार

कम्पनी : SUCHANA CONTRACTING CLEANING ANDHOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०४/११ | LT. No. 327220 | चलानी नं. ६०२४१७५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ९४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३७,९७० | | | | | | | |
| 3 | Office Cleaner | 4 | 0 | 1200 | ४५,५६५ | | | | | | | |
| 4 | Brick Masons | 2 | 0 | 1200 | ४५,५६५ | | | | | | | |
| 5 | Electrician | 2 | 0 | 1200 | ४५,५६५ | | | | | | | |
| 6 | Mason | 4 | 0 | 1200 | ४५,५६५ | | | | | | | |
| 7 | Plumber | 1 | 0 | 1200 | ४५,५६५ | | | | | | | |
| 8 | Welder | 2 | 0 | 1200 | ४५,५६५ | | | | | | | |
| 9 | Carpenter | 4 | 0 | 1200 | ४५,५६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

## साउदीमा रोजगार

कम्पनी : Gulf Jewel Food Industries Company.

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/११ | LT. No. 322383 | चलानी नं. ६०२३६४३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | helper/ordinary labourer/loading & unloading worker/cleane | 1 | 0 | 1000 | ३६,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HALESI OVERSEAS PVT LTD**
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com
Govt. License No. 1161/073/74

## कतारमा रोजगार

कम्पनी : AL SHERA TRADING AND CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८१/०९/२२ | LT. No. 327860 | चलानी नं. ६०२४१७३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaner Worker | 5 | 6 | 1000 | ३७,९७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## युएइमा रोजगार

कम्पनी : BAB AL AQDAS TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/०९ | LT. No. 327863 | चलानी नं. ६०२४१७३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 4 | 0 | 1500 | ५६,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter Shuttering | 4 | 0 | 1500 | ५६,४६४ | | | | | | | |
| 3 | Electrical Workers | 4 | 0 | 1500 | ५६,४६४ | | | | | | | |
| 4 | CONSTRUCTION CARPENTER GENERAL | 3 | 0 | 1500 | ५६,४६४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १९ गते (4th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEW ALFA HR SERVICES PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74

# रसुवागढी सीमानाकामा बेलीब्रिज निर्माण सुरू

**रसुवा (प्रस)–** नेपाल-चीनबीच उत्तरी नाका रसुवागढीको मितेरी पुल पुनर्निर्माण सुरुआत भएको छ । गत असार २४ गते ल्हेन्दे खोलामा आएको अकल्पनीय बाढीले १० मिटर चौडाइ र १०० मिटर लम्बाइको मितेरी पुलमा क्षति पुर्‍याएको थियो । चीन सरकारले पुल पुनर्निर्माण थालनी गरेको प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले जानकारी दिए ।

उनका अनुसार नेपाल-चीनबीच आवतजावत र व्यापारिक कारोबार बन्द भएपछि प्रथम चरणअन्तर्गत चीन सरकारले बेलीब्रिज निर्माण गर्न पनि थालनी गरेको छ । यसका लागि भुइँ सतह मिलाउने सुरु भइसकेको छ ।

पक्की पुल निर्माणका लागि साविकको स्थानलाई यथावत् छाडी दुई मिटर पूर्वतर्फ सारेर पुरातात्त्विक संरचनालाई कुनै असर नपार्नेगरी बेलीब्रिज निर्माण सुरु भइसकेको प्रजिअ पौडेलले जानकारी दिए । पुलका लागि चाहिने आवश्यक औजार चिनियाँ पक्षले रसुवागढी ल्याइसकेको जनाइएको छ । चार स्काभेटर उपकरणको सहायताले पुल बनाउने स्थान ल्हेन्देखोलाको भुइँ सतहमा अनियन्त्रित पानीलाई साविक सतहमा लाने काम अगाडि बढाइसकेको छ ।

बेलीब्रिज निर्माण आगामी भदौ ३० गतेभित्र सम्पन्न गर्ने चिनियाँ समकक्षीबाट जानकारी पाएको पनि प्रजिअ पौडेलले जानकारी दिए । रसुवागढीमा निर्माणाधीन एकीकृत भन्सार भवनको निर्माण रोकिएको छ ।

## शहीदनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### यदुकुहा, धनुषा
### मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गर्ने बारेको सूचना

**प्रकाशित मिति : २०८२/०४/११**

आ. व. २०८२/०८३ का लागि यस कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु आपुर्ति मर्मत संम्भार तथा सेवा प्रदान गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा छ क बमोजिम इच्छुक व्यक्ती, संस्था वा कम्पनीहरुले सूची दर्ता गर्न सम्बन्धित बिषयको कारोवार गर्न स्विकृति प्राप्त एवं आफुले आपुर्ति गर्ने सामान वा मर्मत सम्भार सम्बन्धि बिवरण र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) बमोजिमको योग्यताका कागजातहरु संम्लग्न गरि निवेदन, संस्था वा फर्म दर्ताको प्रमाणपत्र, आ. व. २०८०।०८१ को करचुक्ता तथा म्याद थपको छायाँ प्रति सहित यस गाउँपालिकाको कार्यालयमा हार्डकपी तथा यस कार्यालयको इमेल मार्फत पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. मसलन्द तथा स्टेशनरी सामानहरु आपुर्ति गर्ने,
२. छपाई सम्बन्धि कार्य गर्ने,
३. फर्निचर फर्निसिङ तथा फिक्चर सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
४. ईलेक्ट्रोनिक्स, इलेक्ट्रिकल तथा संचार सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत कार्य गर्ने,
५. कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन, टोनर आपुर्ति तथा रिफिल र मर्मत सम्भार, समेतका कार्यहरु गर्ने,
६. सफ्टवेयर निर्माण, मर्मत तथा सम्भार, सम्बन्धि कार्य गर्ने,
७. गाडि तथा मोटर साईकलका पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
८. टेलिफोन मर्मत सम्भार गर्ने,
९. केबुल तथा इन्टरनेट, सम्बन्धि, काम गर्ने,
१०. जेनेरेटर मर्मत तथा सम्भार सम्बन्धि काम गर्ने,
११. बिज्ञापन सेवा,
१२. कुरियर सेवा,
१३. खानेपानी ट्याँकर, जार र मिनरल बोतल आपुर्ति,
१४. बहस पैरवि तथा कानुनी परामर्श सेवा,
१५. ढुवानी सम्बन्धि कार्य,
१६. ठेक्कापट्टा, निर्माण, कार्यालय भवन रंगरोगन तथा मर्मत कार्य ।

**शर्तहरु :**

१) प्रचलित कानुन बमोजिम अयोग्य नभएको कालो सूचिमा नपरेको व्यहोरा फर्म, कम्पनी वा संस्था स्वयंले घोषणा गरि निवेदन दिनुपर्नेछ ।
२) व्यक्ति, कम्पनी, फर्म वा संस्थाको पत्राचार गर्ने ठेगाना र सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ ।
३) सूचिकृत निर्माण व्यवसायी/आपूर्तीकर्ता/परामर्शदाता/कम्पनी/संस्था सबैलाई कार्य दिन कार्यालय बाध्य हुने छैन ।
४) व्यक्ति, कम्पनी, फर्म वा संस्थाले दुइ वा दुइ भन्दा बढि सेवाहरु उपलब्ध गराउन चाहेमा सेवा अनुसार छुट्टाछुट्टै निवेदन हार्डकपी वा ईमेल मार्फत दिनुपर्ने छ ।

**शहीदनगर नगरपालिका, धनुषा**

## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति** : २०८२/०१/२४
**दोस्रो पटक प्रकाशित मिति** : २०८२/०२/०२
**तेस्रो पटक प्रकाशित मिति** : २०८२/०४/१२

यस संस्थाको तपशीलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरेकाले संस्थाबाट निम्न मितिहरूमा सूचना प्रकाशित गरेको साथै पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि प्रथम पटक मिति २०८२/०१/२४ गते र दोस्रो पटक मिति २०८२/०२/०२ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको साथै यो तेस्रो पटक पनि ३५ दिने धितो लिलाम सम्बन्धि सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौ । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : बालकृष्ण प्रधान**<br>बुबा : द्धरिका मान प्रधान<br>बाजे : धनुष मान प्रधान<br>ठेगाना : का.म.न.पा -२३, काठमाडौं । | **नाम : अनीता जोशी**<br>बुबा : गणेश मान जोशी<br>बाजे : विष्णु भक्त जोशी<br>ठेगाना : का.म.न.पा-३२, काठमाडौं । | काठमाडौं, गोलढुङ्गा<br>वडा नं ०९ ग<br>कि न. १२७<br>क्षेत्रफल : १-१-०-० |

**लिलामी तालिका**

**मिति** : २०८२ भाद्र १५ गते आइतबार
**स्थान** : संस्थाको कार्यालय
**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका सर्तहरू:**

१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सूचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नु पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. सर्त नं. २ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकि हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकि रकम दाखिला नगरेका सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोनः ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# स्रोतको पहिचान र बाँडफाँट न्यायोचित होस्

संघीयता आएसँगै सरकारले संविधानमै यसलाई प्रभावकारी कार्यान्वयनका लागि विभिन्न आयोगको व्यवस्था गरेको छ । त्यसमध्येको एक हो– राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार परिकल्पना गर्दै अभ्यासमा पनि ल्याइसकेको छ । संविधानको धारा २५१(१) को 'ज' ले प्राकृतिक स्रोत परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने अधिकार आयोगलाई दिएको छ ।


प्राकृतिक स्रोत बाँडफाँटसम्बन्धी विषयमा तीन तहको सरकारबीच उठ्न सक्ने सम्भावित विवादको विषयमा समन्वयात्मक भूमिका खेल्ने काम आयोगको हो । तर यो आयोगले भने बजेट विनियोजनका क्रममा यस्तो भूमिका निभाउन नसकेको आरोप लागेको छ । अधिकांश जनसंख्या भएको तराई क्षेत्रमा विकास बजेट निकै कम गएको भन्दै विरोधको स्वर उठेको छ ।

भौगोलिक क्षेत्रअनुसार जनसंख्याको वितरणमा तराई क्षेत्रको अंश विगत २०६८ सालको तुलनामा २०७८ मा ३.३९ प्रतिशतले वृद्धि भएको देखिएको छ । २०६८ सालको जनगणनामा तराईमा कूल जनसंख्याको ५०.२७ प्रतिशत हिस्सा रहेकोमा २०७८ मा वृद्धि भई ५३.६६ प्रतिशत पुगेको छ । २०६८ मा एक करोड ३३ लाख १८ हजार जनसंख्या रहेको तराईमा २०७८ मा एक करोड ५६ लाख ६५ हजार पुगेको छ । २०७८ को जनगणनाअनुसार दुई करोड ९१ लाख ९२ हजार ४८० जनसंख्या रहेको छ ।

पछिल्ला दिनमा तराईमा बसाइँ सर्नेको संख्या झनै बढ्दो छ । यसअनुसार वित्त आयोगले स्रोत बाँडफाँटमा ध्यान दिनुपर्ने हो । यसपटक सरकारले चामलमा आत्मनिर्भर हुने कार्यक्रमसमेत अघि सारे पनि मधेस क्षेत्रमा भने सुक्खा लागेको छ । जसकारण ८० प्रतिशत भूभागमा धान रोप्न सकेको छैन । यस्तो अवस्थामा वित्त आयोगले न्यायोचित स्रोत बाँडफाँड गरेको भए आफैले यो संकटको समाधान निकाल्न सक्ने थियो ।

तर यस्तो हुन नसक्दा अहिले तराई–मधेस क्षेत्रमा सरकारले संकटकाल घोषणा गर्नुपरेको छ । जलस्रोतमा धनी देश भनेर प्रचार गरिए पनि अहिले मधेसमा सुक्खा लागेको छ । डिप बोरिङबाटसमेत पानी आउन छाडेपछि किसान चिन्तित बनेका छन् । यस्तो हुँदा पनि सरकारले मधेस क्षेत्रमा राहत उपलब्ध गराउन सकेको छैन । यस्तो अवस्थामा सरकारले वैज्ञानिकरूपमा स्रोतको तथ्यांक राखेर न्यायोचित सदुपयोगका लागि आवश्यक कदम शीघ्र सञ्चालन गर्नुपर्छ ।

# भूमिमा सामूहिक स्वामित्वको सम्भावना



■ अमलकिरण ढकाल

नेपालमा ऐतिहासिक परिवर्तनपछि समाजवादी राज्यव्यवस्थाको आधारशिला निर्माणतर्फ उन्मुख रहेको यस घडीमा अर्थव्यवस्थामा प्रमुख अवरोधकका रूपमा रहँदै आएको सामन्ती भूस्वामित्व पद्दतिमा आमूल परिवर्तन नगरेसम्म मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि हासिल हुनसक्ने देखिन्न । भूमिको स्वामित्व व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण भई उत्पादकत्व वृद्धि, भूमिहीनताको अन्त्य, जग्गाको सहज उपलब्धता, भूमाफिया विचौलिया र दलाली नियन्त्रण गर्न योगदान पुग्ने देखिन्छ । यसबाट नै सहरीकरण एवं आवास बसोबास व्यवस्थित गरी पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने हुन्छ ।

नेपालको संविधानले मुलुकको अर्थव्यवस्था समाजवादतर्फ लैजाने प्रतिबद्धता व्यक्त गरेको छ । कुन किसिमको समाजवादी अर्थव्यवस्था बनाउने हो भन्ने खाका अझै स्पष्ट भइनसकेता पनि समाजवादको आधार तयार गर्ने भन्नेसम्म सबै प्रमुख राजनीतिक दलहरूको विमति देखिन्न । हाल विश्वमा प्रचलित विभिन्न स्वरूपका समाजवादी अर्थव्यवस्थामध्ये प्रमुख रूपमा राज्यनियन्त्रित समाजवादी ढाँचा, बजारमा आधारित चिनियाँ समाजवादी ढाँचा, लोकतान्त्रिक नर्डिक मुलुकहरू (नर्वे, डेनमार्क, स्वीडेन, फिनल्याण्ड, आइसल्याण्ड) समाजवादी ढाँचा, उदारवादी समाजवादी ढाँचा, सामुदायिक समाजवादी ढाँचा र मिश्रित समाजवादी ढाँचामध्ये कुन मोडेलमा जाने हो स्पष्ट हुन आवश्यक छ ।

समाजवादको गन्तव्य तय भइसकेको हालको स्थितिमा समाजवादको मूल मर्म भनेको उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व र उपभोगमा सबैको पहुँच हुनु हो भन्ने बुझ्नु आवश्यक छ । त्यसमा पनि प्रकृति प्रदत्त जल, जमिन, वायु, प्रकाश र आकाशजस्ता सार्वजनिक वस्तुहरू सबैको पहुँचमा हुनुपर्दछ भन्ने मान्यता पनि छ । त्यसो हुँदा राष्ट्रभित्रको सम्पूर्ण भूभाग पूर्णतः राज्यको अधीनमा हुनुपर्ने अवस्था रहन्छ । तर मानव समाजमा व्यक्तिगत सम्पत्ति कायम भएदेखि नै भूमिको स्वामित्व व्यक्तिको अधिनस्थ बनाइएकाले सबै भूमि निःशर्त राज्यको सार्वजनिक सम्पत्ति भन्नसक्ने अवस्था रहेको देखिन्न । यस स्थितिमा भूमि प्रकृतिप्रदत्त सार्वजनिक स्रोत हुँदाहुँदै पनि समाजवादी प्रयोजनले राष्ट्रियकरण वा सामूहिकीकरण गर्ने कुरा जटिल बहसको विषय बन्न गएको छ ।

अर्थशास्त्रीय हिसाबले भन्दा जग्गा जमिन उत्पादनको प्रमुख साधन एवं पुंजीको स्रोत र अचल सम्पत्ति पनि हो । भूमि माग र आपूर्तिका आधारमा घटाउन बढाउन नसकिने स्थिर वस्तु पनि हो । मानव समाजको इतिहासमा वस्तु विनिमय हुँदा वस्तुको उपयोगिता, दुर्लभता, उर्वरता, निश्चितता, स्थिरता आदि गुणहरूका कारण मूल्यको सिर्जना गरिएझैं भूमिको पनि अन्तर्निहित मूल्य कायम हुँदै आएको हो । यसरी व्यक्तिगत सम्पत्ति कायम भएको भूमि व्यक्तिको सम्पत्तिमात्र नभई मानव सभ्यता, धर्म, संस्कृति, समृद्धि र समाजको जीवन आधारसँगसमेत जोडिएकाले बढी संवेदनशील विषय बनेको हो ।

भूमिमाथिको आधिपत्यको सभ्यता खोज्दै जाँदा मानिसको घुमन्ते सिकारी जीवनबाट निश्चित स्थानमा बसोबास गर्ने अवस्थासम्म जानुपर्ने हुन्छ । त्यसबखतमा मानिसको कुनै स्थान विशेषमा स्थायी बसोबास रहे पनि कृषि कार्य सुरू नगरेसम्म भूमि अधिकारको खासै महत्त्व रहेको देखिँदैन । विश्वमा सर्वप्रथम मेसोपोटामियाबाट सुरू भएको आदिम कृषि कार्यले भूमि उत्पादनको साधनका रूपमा मान्य भयो । यसरी भूमिको उत्पादनशील उपयोग भएसँगै प्राचीन रोम, युनान र मिश्र एवं मध्ययुगीन बेलायत, युरोपका शक्तिशाली शासक तथा धर्मगुरूहरूले समुदायमा रहेको जमिनको ठूलो हिस्सामा आफ्नो अधिकार जमाई दास किसानलाई केबल कामदारका रूपमा उत्पादन गर्न लगाउन थाले ।

उत्पादन बढेसँगै युरोपबाट सुरू भएको औद्योगिकीकरण तथा उपनिवेशवादको विस्तारले विभिन्न मुलुकमा आदिवासी समुदायले उपभोग गरिरहेको जमिन शासकहरूले आफ्नो अधीनमा ल्याउन थाले । अमेरिकाले सन् १८६२ मा जारी गरेको होमस्टेड ऐन कानुनले जमिनमाथिको आदिवासीहरूको सामुदायिक अधिकार खारेज गरी पुँजीको विकासका लागि १६० एकडसम्म (करिब ९५ बिघा) जमिन व्यक्ति विशेषलाई उपलब्ध गराउने व्यवस्था गऱ्यो । यसरी व्यक्तिगत सम्पत्तिका पक्षधरहरूको प्रभुत्व बढ्दै गएपछि विश्वभरि नै सार्वजनिक भूमि निजीकरण गरी त्यस्तो सम्पत्ति संविधानबाटै अनतिक्रमित बनाउँदै लगियो । यसरी जग्गाको स्वामित्व स्वाभाविक रूपमा व्यक्तिमा स्थापित हुँदै आएको नभई राज्यसत्ता र शक्तिमा हुनेले हत्याएको तथ्य स्वतः पुष्टि हुन्छ ।

नेपालका सन्दर्भमा हेर्दा वैदिककालमा सबै जग्गा राज्यको अधीनमा रहेको पाइन्छ । व्यक्तिगत स्वामित्वको महत्त्व बढ्दै गएपछि भने सरकारी, सार्वजनिक जमिनमा राज्यसत्ताका शासकहरूले व्यक्तिगत अधिकार जमाउँदै गएको र विर्ता, गुठी, किपट, जागिर, रकम, खान्गी आदि नाममा आफ्ना नजिकका मान्छेहरूलाई उपलब्ध गराएको देखिन्छ । आफ्नो शासनअन्तर्गत रहेका रैतीहरूबाट कर उठाउने प्रयोजनका लागि रैकरमा परिणत गरी व्यक्ति विशेषको निजी बनाउँदै लगिएको देखिन्छ । नेपालमा त्यसबखत जग्गाको नापजाँच फरक-फरक इलाका अनुसार हलो, पाटे, कुटो, कोदालो, माटो मुरी, विजन मानापाथी आदि एकाइमा राख्ने गरिएकाले जग्गाको प्रयोजन राज्यकोषका लागि कुत तिरो लिनेमा नै बढी केन्द्रित भएको पाइन्छ ।

नेपालको संविधान, २०७२ ले पनि भूमिमाथिको सम्पत्तिको हक सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई चल, अचल सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक स्थापित गरेको छ । त्यस्तो व्यक्तिगत सम्पत्ति (जग्गा जमिन) सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने भए राज्यले सम्बन्धित व्यक्तिलाई मुआब्जा दिएर मात्र अधिग्रहण गर्न सकिने व्यवस्था गरिएको छ । संविधानको धारा २५ मा उल्लिखित उक्त व्यवस्था रहेसम्म भूमिमाथिको व्यक्ति विशेषको स्वामित्व परिवर्तन गर्नसक्ने अवस्था नदेखिएता पनि समाजवादको पूर्वाधार तयार गर्ने क्रममा उपधारा (४) बमोजिम राज्यले नीति, नियम र योजना बनाई समुदायस्तरबाट भूमिको वैज्ञानिक व्यवस्थापनको कार्य अघि बढाउन सक्ने देखिन्छ ।

समाजवादी दृष्टिले हेर्दा नेपालको कूल जमिनमध्ये वन, बुट्यान, हिमाल, पहाड र नदीनालाले ढाकेको करिब ७४ प्रतिशत सरकारी, सार्वजनिक जमिनमामात्र सरकारले सहज व्यवस्थापन गर्नसक्ने र बाँकी २६ प्रतिशत आवादी तथा संरचना रहेको जमिनको स्वामित्व परिवर्तन गर्न जटिल देखिन्छ । साथै, उल्लिखित आवादी र संरचनाले ढाकेको जमिनमध्ये पनि जग्गाधनी दर्ता प्रमाणपूर्जा (लालपुर्जा) भएको सरकारी, सार्वजनिक र व्यक्तिगत स्वामित्वमा कुन किसिमको कति प्रतिशत जग्गा कायम छ भन्ने यकीन राष्ट्रिय तथ्यांकसमेत राज्यबाट प्रवाहित भएको देखिन्न । तत्कालीन अवस्थामा जग्गाको अभिलेख राख्ने हालको मालपोत, नापी कार्यालयहरू मोठ अड्डा, लाल अड्डा, तहसिल अड्डा, माल अड्डा आदि नाममा रहेका भएता पनि २०२१ सालमा जग्गाको आधुनिक नापजाँच सुरू नभएसम्म यकीन क्षेत्रफल भन्नसक्ने स्थिति देखिन्न । त्यसपछि मात्र पहाडमा रोपनी र तराईमा बिघाको एकाइमा राखिएको क्षेत्रफल मिटर, हेक्टर तथा एकडमासमेत भन्न सकिने अवस्था बनेको छ ।

सरकारले हालै जारी गरेको भू-उपयोग नीतिमा जग्गाको साविक वर्गीकरण अबल, दोयम, सिम, चाहार खेत र पाखो भन्ने सट्टा प्रयोजनअनुसार कृषि, आवास, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी खोला ताल सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व र अन्य गरी १० वटा क्षेत्रमा गरिएको वर्गीकरणबाट भू-व्यवस्थामा केही सहजता आउनसक्ने देखिन्छ । तथापि, आधुनिक जग्गा नापजाँच सुरू भएको ६० वर्षभन्दा बढी अवधि भइसक्दा पनि स्वामित्वको प्रकारअनुसार अद्यावधिक अभिलेख नहुँदा विभिन्न सवालहरू आइरहेको देखिन्छ । साथै, जग्गा जमिनलाई समृद्धिको मूल आधार मानिँदा घर, समाज र राष्ट्रमा अत्यधिक विवाद, मुद्दामामिला, झैझमेला, सत्ता र शक्तिको दुरूपयोग स्वामित्वका कारणले उत्पन्न भएको देखिन्छ । यसैमा राष्ट्रको अत्यधिक जनशक्ति, समय, स्रोतसाधन खर्च हुनुका साथै विकास निर्माण कार्यसमेत उल्झिरहेको देखिन्छ ।

कुनै पनि देशमा जग्गा जमिनको महत्त्व सर्वाधिक रहन्छ । बाँच्नका लागि अक्सिजनजस्तै भूमि नभई रहन सकिन्न । तर त्यसमा व्यक्तिगत स्वामित्व कायम गरी सम्पत्ति एवं पुँजीको मुख्य आधार बनाइँदा विनाश्रम सिर्जित मूल्यले आर्थिक विचलन बढ्न गई समाजको विकास लक्ष्य नै दिग्भ्रमित हुँदै गएको छ । जग्गाको अनावश्यक खरिद-बिक्री र मूल्यवृद्धिले समाजमा रहेको सम्पत्ति पुँजीकृत भई अन्यत्र पलायन हुनुको साथै बौद्धिक एवं श्रममूलक कार्यहरूसमेत नराम्रोसँग प्रभावित हुन पुगेका छन् । भूमिको यही अवाञ्छित पद्दतिबाट पुँजी संकलन गर्ने प्रवृत्तिले बैंक तथा वित्तीय क्षेत्रका व्यवसायमासमेत उद्यमशीलताको महत्त्व छायाँमा पर्दै गएको स्पष्टै छ ।

मानव समाजको विकासक्रममा मार्क्सवादी अवधारणा आएपछि समाजवादी मुलुकहरू र अन्य कतिपय मुलुकहरूमा प्रकृतिप्रदत्त वस्तुको रूपमा भूमिको स्वामित्व सरकारीस्तरमा वा समुदायको मातहतमा रहनुपर्छ भन्ने विषयले महत्त्व पाउँदै आएको छ । यसै सन्दर्भमा, नेपालमा समाजवादको पूर्वाधार तयार गर्ने क्रममा भूमिमा सामूहिक स्वामित्व स्थापना गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ । त्यसका लागि कानुनी, सामाजिक, वित्तीय नीतिहरू, विश्व परिवेशका अनुभव र सफल हाइब्रिड मोडलहरू उदाहरण हुन सक्छन् । यसक्रममा, विभिन्न प्रकृतिका भूमिमा रहेको जग्गाधनीहरूको अधिकार, गाउँ सहर र अन्यत्रका जग्गाको उपयोग र वर्गीकरण, प्रविधिको प्रयोग, घर बसोवास र कृषि कार्यको व्यवस्थापन, उद्योग तथा सेवामा भूमिको स्रोत परिचालन, वित्तीय कोषहरूको व्यवस्थापन, सामुदायिक जनचेतना आदि विचारणीय पक्ष हुन सक्छन् । भूमिसम्बन्धी निर्णय लिँदा आगामी मार्गदिशा तथा कार्यविधिको स्पष्टताका साथै सामाजिक सञ्जालको उपयोग, सरोकारपक्षको सहभागिता तथा सहमतिको अभ्यास, नमूना प्रयोग र त्यसको अनुपोषण, विवाद समाधान, वित्तीय संस्थागत परामर्श पनि त्यत्तिकै आवश्यक छ ।

भूमिमा सामन्तवादी युगदेखि कायम रहँदै आएको स्वामित्व परिवर्तन युगान्तकारी आमसरोकारको विषय हुँदा परिवर्तनका नेतृत्वदायी शक्तिहरूमा समाजवादी सोचको साथै आर्थिक स्वच्छता, उच्च नैतिकता र स्रोत साधनको उच्चतम उपयोग गर्नसक्ने क्षमता रहिरहनुपर्छ । साथै, नीतिगत व्यवस्थापनका लागि दीर्घकालीन रणनीतिअन्तर्गत समुदायस्तरबाट चरणबद्धरूपमा जाने सोच बनेमा कार्यान्वयन गर्न सहज हुने देखिन्छ । भूस्वामित्व रूपान्तरणको आवश्यकता र उपादेयताबारे आमजनमानसमा स्पष्ट हुनुपर्छ । यसैगरी सहरी, ग्रामीण तथा अन्य इलाकाहरूमा भूमिको उपयोग कुन, कुन प्रयोजनका लागि के कसरी गर्ने भन्ने नीति, नियम र आउनसक्ने विवाद चुनौती समाधानको गहिरो विश्लेषण पूर्वअवस्थामा नै गर्नु जरूरी छ । सूचना प्रविधि एवं कृत्रिम बौद्धिकता (एआई) को सकारात्मक प्रयोगले छिटो परिवर्तन ल्याउन सक्ने हुँदा सो प्रविधिलाई भूव्यवस्थापनको पक्षमा उपयोग गर्ने ठोस योजना बनाउनु आवश्यक छ ।

नेपालमा ऐतिहासिक परिवर्तनपछि समाजवादी राज्यव्यवस्थाको आधारशिला निर्माणतर्फ उन्मुख रहेको यस घडीमा अर्थव्यवस्थामा प्रमुख अवरोधकका रूपमा रहँदै आएको सामन्ती भूस्वामित्व पद्दतिमा आमूल परिवर्तन नगरेसम्म मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि हासिल हुनसक्ने देखिन्न । भूमिको स्वामित्व व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण भई उत्पादकत्व वृद्धि, भूमिहीनताको अन्त्य, जग्गाको सहज उपलब्धता, भूमाफिया विचौलिया र दलाली नियन्त्रण गर्न योगदान पुग्ने देखिन्छ । यसबाट नै सहरीकरण एवं आवास बसोबास व्यवस्थित गरी पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने हुन्छ । तबमात्र समुदायमा स्रोतको न्यायपूर्ण वितरण भई असमानतामा कमी आउने र समुदायले आर्थिक सामाजिक लाभको प्रत्यक्ष अनुभूत गरी लोककल्याणकारी राज्यको परिकल्पना सार्थक हुनेहुँदा भूमिमा सामूहिक स्वामित्व कायम गर्न वाञ्छनीय देखिएको हो । *रासस*

*(लेखक नेपाल सरकारका सेवानिवृत्त सहसचिव हुन्)*

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

## पाठक मञ्च

# पहुँचमा बसेर जनतालाई सुकुम्बासी बनाउन छुट !

भनिन्छ नि- जसको शक्ति, उसैको भक्ति । जोसँग पहुँच र पैसा छ, उसको अगाडि सरकार पनि निरीह छ । त्यसैको एउटा उदाहरण हो-सिन्सियर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड । हजारौंलाई सुकुम्बासी बनाएको र घुस खाएर अर्बौंको सम्पत्ति जोडेको भन्दै सहकारीका पदाधिकारीसहित कर्मचारीविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा उजुरी परे पनि कुनै कारबाही भएको छैन । राजधानीको पुतलीसडकमा रहेको सिन्सियरका अध्यक्ष राजेन्द्रभक्त श्रेष्ठ, कार्यकारी सञ्चालक राजेश खड्का र कर्जा अधिकृत मीरा कर्माचार्यविरुद्ध अख्तियार र सम्पत्ति शुद्धीकरणमा पटक-पटक उजुरी परेको छ । तैपनि अख्तियार र सम्पत्ति शुद्धीकरण कानमा तेल हालेर बस्नु रहस्यमय छ । २०५७ मंसिर २९ गते सहकारी विभागमा दर्ता भएको सिन्सियरमा स्थापनाकालदेखि नै यिनीहरू छन् । यी तीनै हर्ताकर्ता काठमाडौंका रैथाने हुन् । राजेन्द्रभक्त इन्द्रचोक, राजेश कलंकी र मीरा ढल्कुकी हुन् । सामान्य परिवारमा जन्मिएका यिनीहरूले धेरैको उठीबास लगाएर अर्बौंको सम्पत्ति जोडेका छन् । सहकारीको आवरणमा यी तीनले ऋणीहरूलाई 'घर न घाट' को बनाएको पाइन्छ । करोडको घरजग्गा धितो राखेर ६० लाख रूपैयाँ ऋण दिने गरिएकोमा १० लाख त घुस नै खाने पीडितहरूले बताएका छन् ।

२० लाख पर्ने ट्याक्सी धितो राखेर १५ लाख रूपैयाँ दिने गरिएकोमा २७ हजार रूपैयाँ घुस असुल्थे । सेवा शुल्क दुई प्रतिशत लिन्थे, एक प्रतिशत ऋण दिँदा एक प्रतिशत ऋण चुक्ता गर्दा । सात-आठ वर्षका लागि ऋण दिएकोमा हरेक वर्ष ऋण नवीकरण गर्न लगाएर एक प्रतिशत सेवा शुल्क असुल्ने गरिएको छ । ब्याज १६ देखि २२ प्रतिशतसम्म असुल्थे । पेनाल्टी र जरिवाना छुट्टै छ । जबरजस्ती बिमा गराउने र त्यसबाट पनि कमिसन खाने क्रम चलिरहेकै छ । ऋणको किस्ता बचत खातामा हालेर पेनाल्टी, हर्जाना असुल्ने गरिन्थ्यो । जति किस्ता तिरे पनि साँवा नघट्ने पीडितहरू बताउँछन् । राम्रो धितोको हकमा ऋण चुक्ता गरेपछि पनि फुक्का नगर्ने गैरकानुनी हर्कत सिन्सियरले गर्दै आएको छ । ऋण लिने बेलामा नेपाली कागज र फोटोकपी पेपरमा दायाँबायाँ ल्याप्चे लगाएर, हस्ताक्षर गराएर राख्थे । यसो गर्नुको कारण ऋणीबेगर धितो आफ्नो नाममा ल्याउनका लागि हो । तीन किस्ता नतिर्नेबित्तिकै ऋणीको उपस्थितिविना यातायात र मालपोत कार्यालयबाट धितो सहकारीको नाममा ल्याउँथे । जबकि, धितो लिलाम गर्नुअगाडि राष्ट्रिय दैनिक पत्रिकामा सूचना जारी गर्नुपर्छ । ऋणीबाट मोटो रकम असुल्ने सिन्सियरले बचतकर्तालाई पनि ठग्दै आएको छ । ऋणीबाट मोटो ब्याज असुल्छ तर बचतकर्तालाई न्यून ब्याज दिन्छ । महिना मर्नुभन्दा एक दिनअगाडि पैसा निकालेमा ब्याज खाइदिन्छ । राजनीतिक दल, गुण्डालगायत सबै सिन्सियरको हातमा छ । यो संस्था कालोधन थुपार्ने थलो हो । भ्रष्टाचार गरेको, राजस्व छलेको पैसा सिन्सियरमा छ । कर छल्नका लागि सिन्सियरले राज्यलाई झूठो विवरण देखाउँछ । जबकि, संस्थाको भित्री धन्दा अर्कै छ । सिन्सियरबाट पीडित धेरै भूमिगत भए ।

कोही मानसिक रोगी बनेका छन्, कोही आफ्नो सबै सम्पत्ति गुमाएर सडकमा आएका छन् । जुन पार्टीको सरकार आयो, त्यही पार्टीमा लागेर सहकारीका हर्ताकर्ता जोगिरहेका छन् ।

अख्तियार र सम्पत्ति शुद्धीकरणले कतै भ्रष्टाचार भएमा, राजस्व छलेमा जानकारी दिन भन्दै सार्वजनिक सूचना जारी गर्छ । तर, बकाइदी उजुरी पर्दा पनि छानबिन गर्दैन । यो अख्तियार र सम्पत्ति शुद्धीकरणको दोहोरो चरित्र होइन ? राजनीतिक आडमा सर्वसाधारणलाई 'मर्नु न बाँच्नु' बनाएको भन्दै सिन्सियरविरुद्ध अख्तियार र सम्पत्ति शुद्धीकरणमा बारम्बार उजुरी परेको छ ।

तर, दुवै निकाय कानमा तेल हालेर बसेको छ । उजुरी दर्ता गर्ने अनि लगेर दराजमा थन्काउने कार्य भइरहेको छ । राजधानीमै बसेर खुलेआम ठगिरहँदा सरोकारवाला निकायले कारबाही नगर्नुले 'दालमा केही कालो' भएको आशंका पीडितहरूले गरेका छन् । अख्तियार र सम्पत्ति शुद्धीकरणको यो प्रवृत्तिले जनविश्वास गुम्दै छ । भ्रष्टाचार गर्ने र राजस्व छल्नेलाई कारबाही हुन्छ भन्नेमा जनतालाई विश्वास छैन । यता, सहकारी विभागले पनि राजनीतिक पहुँचको आडमा सर्वसाधारणको बिल्लीबाठ बनाउने सहकारीलाई कारबाही नगरेर अरुलाई पनि सुकुम्बासी बनाउन प्रश्रय दिइरहेको छ ।

**- अनुसा थापा**, भक्तपुर

जुडिबेला खानेपानी आयोजना

# १० वर्षमा आधा काम, जुडिबेलावासी समस्यामा



■ रमेश तिमल्सिना

**चन्द्रपुर (रौतहट)**– निर्माण थालनी भएको १० वर्षसम्म पनि चन्द्रपुर नगरपालिका–२ स्थित जुडिबेला खानेपानी आयोजना सम्पन्न नहुँदा स्थानीयवासी आर्सनिकयुक्त पानी प्रयोग गर्न बाध्य छन्। जुडिबेलाका दुई हजार ५०० घरका करिब १० हजार नागरिकलाई सो आयोजनाले शुद्ध पानी उपलब्ध गराउने जनाइएको छ।

चन्द्रपुर नगरपालिकाका अन्य नौवटै वडामा खानेपानी आयोजना सञ्चालनमा आएको भएता पनि वाड नं २ जुडिबेलामा अहिलेसम्म शुद्ध खानेपानीको पहुँच पुगेको छैन। वि.सं. २०७२ बाट निर्माण सुरु भएको उक्त आयोजनाको अहिलेसम्म ५५ प्रतिशतमात्र भौतिक प्रगति भएको सर्लाहीस्थित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको तथ्यांकमा उल्लेख छ। आयोजना सुरु भएको १० वर्ष बित्दा पनि सम्पन्न हुन नसक्दा स्थानीय समस्यामा परेका जुडिबेला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष भोला थपलियाले बताए।

'यस क्षेत्रका नागरिकले ३० देखि ५० फिटमुनिको आर्सनिकयुक्त पानी पिइरहेका छन्,' उनले भने, 'संघीयतामा कार्यान्वयनमा पहिलादेखि नै यो आयोजना सुरु भएको हो, संघीयतामा गएपछि यो आयोजना न संघीय सरकारको ध्यानमा गयो न त प्रदेशको प्राथमिकतामा नै पऱ्यो।'

जुडिबेलावासीलाई शुद्ध पानी खुवाउनका लागि विभिन्न निकायमा धाइरहेको पनि उनले दुखेसो गरेका छन्। करिब २०० घरलाई सीधै मोटरबाट टयांकीमा जम्मा नगरिकन पानी पठाइरहेको उनले जानकारी दिए। यस वडाको घरघरमा धारा पुऱ्याउनका लागि अझै करिब ३५ किलोमिटर मेनलाइन पाइपको आवश्यकता रहेको सोही समितिका सदस्य टेकनाथ खरेलले जानकारी दिए। फूलबारीबाट वनटोल र रैयाटोलसम्मका नागरिकको घरघरमा पानी पुऱ्याउनका लागि मेनलाइनको पाइप अत्यवश्यक रहेको उनले बताए।

यो आयोजनाबाट मात्र यहाँका नागरिकलाई खानेपानी नपुग्ने हुँदा अर्को फेरि खानेपानीको योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको खरेलले सुझाव दिएका छन्। यस वडामा जनगणना २०७८ अनुसार नौ हजार ९८२ जनसंख्या रहेको छ। उक्त जनगणनाअनुसार दुई हजार ४८ घरपरिवार जनाएको भएता पनि हालसम्म सो वडामा दुई हजार ५०० भन्दा बढी घर रहेको वडाध्यक्ष दुत्तबहादुर थिङले जानकारी दिए।

आर्थिक वर्ष २०८०/८१ सम्म उक्त आयोजनाको ५५ प्रतिशत काम सम्पन्न भइसकेको सो आयोजना हेर्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका इञ्जिनियर विवेक झाले जानकारी दिए। अहिलेसम्म जुडिबेला खानेपानी आयोजनामा चार लाख ५० हजार लिटर क्षमताको ओभरहेड टयांकी निर्माण सम्पन्न भएको भएता पनि टयांकी निर्माण गर्ने ठेकेदारको ५४ लाख रूपैयाँ भुक्तानी हुन नसकेको इञ्जिनियर झाले बताए।

आयोजनाअन्तर्गत डिपबोरिङ जडान, कार्यालय भवन निर्माण, विद्युतीकरण, पम्पहाउस निर्माण तथा करिब २७ किलोमिटर मेनलाइनको पाइप गाडिसकिएको उनले जानकारी दिए। उनका अनुसार बजेट अभावका कारण मेनलाइनको पाइप खरिद गर्न नसक्दा काम ठप्प भएको छ। उनले भने, 'बजेट माग गरिए पनि आउने नआउने ठेगान छैन। बजेट समयमा नै आउने हो भने काम सम्पन्न गर्न सकिन्छ।' यस आयोजना सम्पन्न गर्नका लागि अझै अनुमानित दुई करोड रूपैयाँ बजेट लाग्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले मधेस प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई गत भदौ १४ गते पठाएको पत्रमा उल्लेख गरेको छ। *रासस*


जगरनाथपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा
मधेश प्रदेश, नेपाल

**मौजुदा सूची दर्ता गर्ने बारेको सूचना**

**प्रकाशित मिति : २०८२/०४/११**

आ. व. २०८२/०८३ का लागि यस कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु आपुर्ति मर्मत संम्भार तथा सेवा प्रदान गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा छ क बमोजिम इच्छुक व्यक्ती, संस्था वा कम्पनीहरुले सूची दर्ता गर्न सम्बन्धित बिषयको कारोवार गर्न स्विकृति प्राप्त एवं आफुले आपुर्ति गर्ने सामान वा मर्मत सम्भार सम्बन्धि बिवरण र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) बमोजिमको योग्यताका कागजातहरु संम्लग्न गरि निवेदन, संस्था वा फर्म दर्ताको प्रमाणपत्र, आ. व. २०८०।०८१ को करचुक्ता तथा म्याद थपको छायाँ प्रति सहित यस गाउँपालिकाको कार्यालयमा हार्डकपी तथा यस कार्यालयको इमेल मार्फत पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. मसलन्द तथा स्टेशनरी सामानहरु आपुर्ति गर्ने,
२. छपाई सम्बन्धि कार्य गर्ने,
३. फर्निचर फर्निसिड तथा फिक्चर सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
४. ईलेक्ट्रोनिक्स, इलेक्ट्रिकल तथा संचार सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत कार्य गर्ने,
५. कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन, टोनर आपुर्ति तथा रिफिल र मर्मत सम्भार, समेतका कार्यहरु गर्ने,
६. सफ्टवेयर निर्माण, मर्मत तथा सम्भार, सम्बन्धि कार्य गर्ने,
७. गाडि तथा मोटर साईकलका पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
८. टेलिफोन मर्मत सम्भार गर्ने,
९. केबुल तथा इन्टरनेट, सम्बन्धि, काम गर्ने,
१०. जेनेरेटर मर्मत तथा सम्भार सम्बन्धि काम गर्ने,
११. बिज्ञापन सेवा,
१२. कुरियर सेवा,
१३. खानेपानी ट्याँकर, जार र मिनरल बोतल आपुर्ति,
१४. बहस पैरवि तथा कानुनी परामर्श सेवा,
१५. ढुवानी सम्बन्धि कार्य,
१६. ठेक्कापट्टा, निर्माण, कार्यालय भवन रंगरोगन तथा मर्मत कार्य।

**शर्तहरु :**

१) प्रचलित कानुन बमोजिम अयोग्य नभएको कालो सूचिमा नपरेको व्यहोरा फर्म, कम्पनी वा संस्था स्वयंले घोषणा गरि निवेदन दिनुपर्नेछ।
२) व्यक्ति, कम्पनी, फर्म वा संस्थाको पत्राचार गर्ने ठेगाना र सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ।
३) सूचिकृत निर्माण व्यवसायी/आपूर्तीकर्ता/परामर्शदाता/कम्पनी/संस्था सबैलाई कार्य दिन कार्यालय बाध्य हुने छैन।
४) व्यक्ति, कम्पनी, फर्म वा संस्थाले दुइ वा दुइ भन्दा बढि सेवाहरु उपलब्ध गराउन चाहेमा सेवा अनुसार छुट्टाछुट्टै निवेदन हार्डकपी वा ईमेल मार्फत दिनुपर्ने छ।

**जगरनाथपुर गाउँपालिका, पर्सा**


# 'बुद्ध शिक्षामार्फत कूटनीति र शान्तिमा नयाँ आयाम ल्याउन सकिन्छ'




■ प्रभाव संवाददाता

**लुम्बिनी-** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुद्धका शिक्षालाई व्यावहारिक कूटनीतिक अभ्यासमा रूपान्तरण गर्नु आजको आवश्यकता भएको बताएका छन्।

'कूटनीति र बुद्धका शिक्षाः विश्व शान्ति तथा दिगो विकासतर्फको मार्ग' विषयक अन्तर्राष्ट्रिय संगोष्ठीको आइतबार लुम्बिनीमा उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले गौतम बुद्धको शिक्षा द्वन्द्वभन्दा संवाद, प्रतिस्पर्धाभन्दा सहयोग र द्वेषभन्दा मित्रता निर्वाह गर्ने मूल्यमान्यतामा आधारित रहेको बताए। उनले भने, 'बुद्धका शिक्षाले अन्तर्राष्ट्रिय कूटनीतिमा दिगो शान्ति, आपसी सम्मान र समताको भावना स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्नसक्छ।' मुख्यमन्त्री आचार्यले लुम्बिनीलाई केवल धार्मिकस्थलका रूपमा नभई मानवता, सहिष्णुता र अहिंसाको प्रतीकका रूपमा चिनाउनुपर्ने आवश्यकता औंल्याए। 'लुम्बिनी विश्वशान्तिको सन्देश फैलाउने केन्द्र हो, यस्ता अन्तर्राष्ट्रिय सम्मेलनहरूबाट यसको कूटनीतिक महत्त्व अझ विस्तार हुन्छ,' उनले भने।

नेपाल-भारत सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र धार्मिकरूपले अन्योन्याश्रित रहेको उल्लेख गर्दै उनले बुद्ध धर्म, भाषा, लिपि, परम्परा र दर्शनको साझा आधारमा दुई देशबीचको सम्बन्ध अझ प्रगाढ बनाउन शिक्षा, अध्ययन, अनुसन्धान तथा सांस्कृतिक सहकार्यलाई सशक्त माध्यमका रूपमा प्रयोग गर्न सकिने धारणा राखे। उनले लुम्बिनीको समग्र विकासका लागि प्रदेश सरकारले अघि सारेको 'लुम्बिनी विकास प्राधिकरण' अवधारणाले कपिलवस्तुदेखि रामग्रामसम्म फैलिएको सम्पूर्ण बौद्ध सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा सघाउ पुऱ्याउने विश्वास व्यक्त गरे।

मुख्यमन्त्री आचार्यले बौद्ध अध्ययनको शैक्षिक विस्तारका लागि लुम्बिनी बौद्ध विश्वविद्यालयको पहल सराहनीय रहेको उल्लेख गर्दै भविष्यमा नेपाल-भारत बौद्ध सांस्कृतिक आदानप्रदान केन्द्र स्थापना, बुद्ध सर्किटअन्तर्गत एकीकृत पर्यटन प्रवर्द्धन कार्यक्रम, बौद्ध अनुसन्धान केन्द्र, संग्रहालय र अन्तर्राष्ट्रिय युवा सम्मेलनजस्ता कार्यक्रमहरू अघि बढाउने सम्भावनातर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

संगोष्ठीमा भारत, नेपाल तथा अन्य राष्ट्रहरूबाट सहभागी विभिन्न विश्वविद्यालयका उपकुलपति, कूटनीतिज्ञ, बौद्ध चिन्तक, विशिष्ट पाहुना, भिक्षु, भिक्षुणी तथा प्राज्ञिक व्यक्तिहरूको उपस्थिति छ। विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीले उच्च शिक्षामा नैतिकको निकै महत्त्व रहेको भन्दै बुद्धका शिक्षाले सबैलाई त्यसतर्फ लगिरहेको बताए। कार्यक्रममा भारतीय विद्वान प्रा. अभयकुमार सिंहले 'कूटनीति र बुद्धका शिक्षाको मार्गदर्शन' विषयमा मन्तव्य दिएका थिए।

कार्यक्रममा विभिन्न विद्वानहरूले शुभकामना सन्देशमार्फत बौद्ध शिक्षा र यसको सान्दर्भिताका बारेमा व्याख्या गरेका थिए। त्यस अवसरमा भारत तथा नेपालका विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयबीच सम्झौतासमेत गरिएको थियो। विश्वविद्यालयका रजिस्ट्रार डा. तिलक आचार्यले स्वागत गर्दै बौद्ध कूटनीति विश्वभर फैलाउन आवश्यक रहेको बताएका थिए। उनले विश्वविद्यालयले अन्तर्राष्ट्रिय सेमिनारमार्फत विश्वलाई शान्तिको सन्देश फैलाउने कार्य गरिरहेको जानकारी दिए।

भारतका लागि नेपालका पूर्वराजदूत दीपककुमार उपाध्यायले बुद्धको जन्मस्थल लुम्बिनी र कपिलवस्तुका बारेमा अनावश्यक विवाद तथा भ्रम सिर्जना हुनेगरी गतिविधि नगर्न बौद्ध दर्शनको अध्ययन/अध्यापन गराउने विद्वानलाई आग्रह गरे। उनले रामायण र बौद्ध सर्किटमार्फत दुई मुलुक नेपाल-भारतको धार्मिक, सांस्कृतिक र आध्यात्मिक सम्बन्धलाई मजबुत बनाउन सकिने धारणा राखे। कार्यक्रममा काठमाडौं विश्वविद्यालययका उपकुलपति प्रा.डा. अच्युत वाग्ले, सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुवकुमार गौतम, नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. धनिश्वर नेपाल, भारतको सिद्धार्थ बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा. कविता शाहलगायतले विश्वशान्तिका लागि बुद्ध कूटनीतिक सम्बन्ध महत्त्वपूर्ण रहेको बताएका थिए।


स्थानीय सरकार
रुवी भ्याली गाउँपालिका
༄༅།།རུ་བི་ ལྷུ་ཡི་ གཙུ་པ་ཡིག་།།
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

**दरखास्त आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८२।०४।११**

प्रस्तुत विषयमा यस गाउँपालिकाको मिति २०८२।०४।०९ गतेको निर्णयानुसार तपसिल बमोजिमको उल्लेखित कर्मचारी सेवा करारमा कामकाज गर्नको लागि अवश्यकता भएकोले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँपालिकाको कार्यालयमा रित पुर्वक दरखास्त पेश गर्नको लागि यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै दरखास्त फाराम यस कार्यालयको वेवसाईट www.rubivalleymun.gov.np मा उपलब्ध हुनेछ।

**तपशिल**

| क्र स | विज्ञापन नं | पद | सेवा/समुह | तह | माग संख्या | दस्तुर | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८२/०८३ | स्टाफ नर्स | स्वास्थ्य/ जनरल नर्सिङ | पाँचौ | १ | रु.५०० | स्टाफ नर्स वा सो सरह उत्तिर्ण गरी नर्सिङ परिषदमा दर्ता भएको |
| २ | ०२/०८२/०८३ | डेन्टल हाइजिनिस्ट | स्वास्थ्य/ डेन्टिष्ट्री | पाँचौ | १ | रु.५०० | मान्यता प्राप्त शिक्षण सस्थाबाट Dental Hygienist उतिर्ण वा सो सरह उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको |
| ३ | ०३/०८२/०८३ | रेडियो ग्राफर | स्वास्थ्य/ रेडियोग्राफी | पाँचौ | १ | रु.५०० | मान्यता प्राप्त शिक्षण सस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको |
| ४ | ०४/०८२/०८३ | नेत्र सहायक | स्वास्थ्य/ अप्थाल्मोलोजी | पाँचौ | १ | रु.५०० | मान्यता प्राप्त शिक्षण सस्थाबाट नेत्र सहायक सम्बन्धि डिप्लोमा उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको |

१. **दरखास्त दिने स्थान**: रुवी भ्याली गाउँपालिकाको कार्यालय, सेर्तुङ, धादिङ।
२. **छनौट किसिम**: रुवी भ्याली गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५ बमोजिम।
३. **सेवा सुविधा** : गाउँपालिकाले निर्धारण गरे बमोजिम।
४. **उमेर**: १८ पुरा भई ४० ननाघेको र अन्य प्रचालित कानून अनुसार अयोग्य नभएको हुनु पर्ने छ।
५. **आवश्यक कागजातहरु**: उम्मेदवारको व्यक्तिगत नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, कार्यानुभव भए सोको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।
६. **दस्तखात दिने अन्तिम दिन**: मिति २०८२।०४।२५ गते ५:०० बजे बेलुका सम्म र अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन।
७. **सम्पर्क मिति** : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट।
८. आन्तरिक राजस्व खाता नं. ३७६०४०१०००००१ ( ग्लोबल आइ.एम.इ. बैक रुवी भ्याली शाखा)।

नोट: तोकिएको शुल्क/ दस्तुर दाखिला गरेको भौचार संलग्न गरी इमेल मार्फत समेत आवेदन पेश गर्न सकिनेछ। तर रित पुरा नभइ पेश हुन आएका आवेदन उपर कुनै कारबाही गरिने छैन।

इमेल ठेगाना rubyvalleymun2017@gmail.com /ito.rubivalleymun@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत**

## ३० विधामा बाँडियो 'सिल्भर म्युजिक अवार्ड'

प्रियसी म्युजिकको आयोजनामा चौथो सिल्भर म्यूजिक अवार्ड २०२५ सम्पन्न भएको छ । कार्यक्रमा विभिन्न ३० विधामा सर्वोत्कृष्ट कलाकारहरूलाई अवार्ड वितरण गरिएको छ । सोही कार्यक्रममा गीतसंगीत क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका कलाकार एवं पत्रकारहरूलाई सम्मानसमेत गरिएको थियो ।



# कथाकार वैरागीको 'रित्तो हात' सार्वजनिक

**काठमाडौं (प्रस)–** कथाकार सुजन वैरागीको कथासंग्रह 'रित्तो हात' लोकार्पण गरिएको छ । शनिबार यहाँ आयोजित कार्यक्रममा प्रसिद्ध कथाकार प्राज्ञ माया ठकुरीले उक्त कृतिको लोकार्पण गरेकी हुन् । उनले विभिन्न विषयवस्तुलाई सूक्ष्म ढंगले नियालेर कथा रचना गरेको भन्दै कथाकारको प्रशंसा गरिन् । कथाकार वैरागी नयाँ पुस्तामा असाध्यै आशालाग्दा कथाकारको रूपमा आएको भन्दै उनले यसलाई निरन्तरता दिए भविष्य उज्ज्वल रहेको बताइन् ।

प्राडा हरिप्रसाद सिलवालले वैरागीको कृतिले नेपाली साहित्यमा नयाँ इँट्टा थप्ने काम गरेको बताए । समाजका यथार्थ विषयलाई लिएर सूक्ष्म दृष्टि र कलात्मक शैलीमा प्रस्तुत गरिएका कथा पढिरहँदा आफूले त्यही परिवेशमा पुगेको आभास भएको उनले बताए ।

आवरण प्रकाशनको ब्यानरमा भएको लोकार्पण समारोहमा कवि तथा कलाकार रमेश पौडेलले कथाकार वैरागीको कथाशिल्प प्राञ्जल भएकाले कृति सबैका लागि पठनीय रहेको




दाबी गरे । कथाकार वैरागीले साहित्यको दोस्रो कृतिको जन्म दिँदै गर्दा आफ्ना स्वर्गीय आमा-बुबा र दाइलाई सम्झँदै आध्यात्मिक संसारबाट सधैं आशीर्वाद प्राप्त भइरहने अपेक्षा व्यक्त गरे ।

साहित्यकार सरु आस्थाले कलेजको सहपाठी साथीले साहित्यमा उचाइ लिएको भन्दै खुसी व्यक्त गरे । दुई दशकदेखि साहित्य र पत्रकारितामा लागेका रामेछापका सीताराम दर्लामी साहित्य र पत्रकारितामा सुजन वैरागीका नामले परिचित 'ग्राफिक्स डिजाइनर'समेत हुन् ।

उनले २०६७ सालमा पहिलो कृतिका रूपमा मुक्तक संग्रह 'पर्खाइका पलहरू' प्रकाशित गरेका थिए । यस्तै, 'पल्लवी रातहरू' संयुक्त कृति पनि प्रकाशित भइसकेको छ । रुमानी साहित्यिक पत्रिकाका कार्यकारी सम्पादक रहेका वैरागीको अन्य थुप्रै पत्रिकामा सम्पादकीय भूमिका निर्वाह गरेका छन् भने उनले केही गीत पनि बजारमा ल्याइसकेका छन् । अमेरिकाको डाइनामिक बुना इन्क र ब्लाइण्ड कोर्पले प्रकाशन गरेको यो कृतिमा १९ वटा कथा संग्रहित छन् ।

रंगशाला

# बुटवलमा कर्णेल उजिरसिंह थापा रंगशालाको निर्माण सुरु

■ भरत केसी

**लुम्बिनी–** बुटवल उपमहानगरपालिका वडा नं १३ सालघारीस्थित जबई खेल मैदानलाई स्तरोन्नति गरी अन्तर ाष्ट्रियस्तरको कर्णेल उजिरसिंह थापा रंगशाला बनाउने काम सुरु भएको छ ।

बुटवलको जितगढीमा भएको अंग्रेज फौजसँगको लडाइँ जिती विश्वभर नेपालीको वीरता फैलाउने कर्णेल थापाको सम्मानमा आधुनिक एवं सुविधासम्पन्न रंगशाला बनाउने काम अघि बढेको हो । बुटवल उपमहानगरपालिकाले आव २०७६/७७ मा सो खेल मैदानलाई स्तरोन्नतिसहित कर्णेल थापाका नाममा रंगशाला बनाउन सुरु गरिएकामा वनको अवरोधलगायत कारण रोकिएको काम सुरु भएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका इन्जिनियर शंकर सुवेदी बताउँछन् ।



भूतपूर्व सैनिकको बाहुल्य रहेको सो उपमहानगरपालिका वडा नं १३ मा बन्न लागेको उक्त रंगशाला निर्माणका लागि लुम्बिनी प्रदेश सरकारले दुई चरणमा विनियोजित गर्नेगरी ५३ करोड रूपैयाँ बजेट उपलब्ध गराउने निर्णय गरेको छ । पहिलो चरणअन्तर्गत चालु आर्थिक वर्ष २०८२/८३ मा १० करोड ७६ लाख ६१ हजार रूपैयाँ लागत अनुमान स्वीकृत भई बोलपत्र आह्वान प्रक्रिया अघि बढिसकेको विकास प्राधिकरणले जनाएको छ । उक्त रंगशाला निर्माणका लागि अर्जुन, मार्क, प्रदीप जेभी वनस्थली काठमाडौंसँग भ्याटसहित आठ करोड ५२ लाख ३२ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको र तीन करोड रूपैयाँ प्रदेश सरकारबाट बजेट विनियोजन भइसकेको प्राधिकरणले बताएको छ ।

लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८१ फागुन ६ गतेको निर्णयअनुसार आयोजना कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयबाट प्रदेश पूर्वाधार विकास प्राधिकरणमा हस्तान्तरण गरेको इन्जिनियर सुवेदीले जानकारी दिए । प्रदेशस्तरीय खेलकुद क्षेत्रको विकास आयोजना कार्यान्वयनका क्रममा कर्णेल उजिरसिंह थापा रंगशाला हाताभित्र करिब २० हजार दर्शकले खेल हेर्न मिल्नेगरी सुविधासम्पन्न फुटबल मैदानसहित बहुउद्देयीय खेल मैदान, भलिबल कोर्ट, 'एथलेटिक ट्रेक', 'एक्वाटिक सेन्टर', 'स्विमिङ पुल', चमेनागृह, पार्किङस्थल, सानो बाल उद्यानलगायत संरचना निर्माण हुने छन् ।

यसैगरी, रंगशाला प्रवेशका लागि चार वटा प्रवेशद्वार, आपत्कालीन द्वार, चारैतर्फ १२ देखि २० हजार दर्शक अट्ने क्षमताको आधुनिक 'प्याराफिट' निर्माण गर्नेगरी डिजाइन गरिएको इन्जिनियर सुवेदीले जानकारी दिए । स्थानीय जनप्रतिनिधि ध्रुव थापाका अनुसार बुटवल उपमहानगरपालिकाले जबई खेल मैदानमा केही संरचना निर्माण गरी क्षेत्रीय, जिल्ला तथा स्थानीयस्तरका विभिन्न खेल प्रतियोगिता सञ्चालन गर्दै आएकामा तीनै तहका सरकारको सहयोग र सहकार्यमा अब सुविधासम्पन्न रंगशाला निर्माण हुने भएको छ ।

सो रंगशाला निर्माण गर्न लुम्बिनी प्रदेश सरकारले बर्सेनि बजेट व्यवस्था गर्दै आए पनि खेल मैदान हाताभित्र रहेका केही रुख कटान गर्ने क्रममा 'वन कार्यालय'ले अवरोध सिर्जना गरेपछि विनियोजित रकम फ्रिज हुनासाथ चिन्तित बनेका स्थानीयवासी अहिले खुसी देखिएको जनप्रतिनिधि थापाले बताए । वनको समस्या समाधान भएसँगै स्थानीय भूपू सैनिक, युवा तथा खेलाडी र आमसर्वसाधारण वर्षौंदेखि उठाउँदै आएको माग पूरा भएकामा स्थानीयवासी हर्षित भएको भूपू सैनिक जबई स्पोर्टिङ क्लबका अध्यक्षसमेत रहेका स्थानीय अगुवा गोपिराम पुन बताउँछन् ।

उनले खेल प्रेमीसहित स्थानीयवासीकोतर्फबाट सरकारलाई धन्यवाद दिए । 'वन प्रशासन'ले वन क्षेत्र प्रयोग गर्न गत असोज १८ गते प्रदान गरेको अनुमतिअनुसार रंगशाला निर्माणसहित यसक्षेत्रका महत्त्वपूर्ण विकास आयोजनालाई काम गर्ने बाटो खुलेको थियो । अहिले सो रंगशालाको 'डिपिआर' अनुसार काम गर्ने जिम्मा प्रदेश सरकार मातहतको प्रदेश पूर्वाधार विकास प्राधिकरणले पाएको छ । प्राधिकरणले रंगशाला क्षेत्रको 'साइट'मा समन्वय गर्न उद्देश्यले विमला श्रेष्ठको नेतृत्वमा टोली परिचालन गरेको इन्जिनियर सुवेदीले जानकारी दिए ।

सुरुमा प्रदेश सरकारले १० लाख रूपैयाँ र उपमहानगरले पाँच लाख रूपैया गरी १५ लाख रूपैयाँ विनियोजन गरी रंगशालाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) को कामअघि बढाउन लाग्दा वन क्षेत्रमा उजुरी परी निर्माण प्रक्रिया रोकिएको थियो । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार साढे चार बिघा क्षेत्रफलमा निर्माण हुने भनिएको रंगशालाको १५ मिटर जग्गा जितेश्वरी सामुदायिक वनमा पर्ने भएपछि डिपिआर र इआइएको काम पूरा भए पनि जग्गा प्राप्तिको प्रक्रिया रोकिएको थियो । जग्गा प्राप्त गर्न नसके पनि प्रदेश सरकारले रंगशाला निर्माण गर्ने भन्दै विगत चार वर्षदेखि नियमित बजेट विनियोजन गर्दै आएको थियो । पछिल्ला चार वर्षमा प्रदेश सरकारले झण्डै २० करोड रूपैयाँ बजेट यही रंगशालाका नाममा छुट्याउँदै आए पनि बजेट 'फ्रिज' हुने गरेको थियो । *रासस*

# फ्रिस्टाइल किक बक्सिङबारे चारदिने 'सेमिनार' हुने

**काठमाडौं (प्रस)–** नेपाल किक बक्सिङ एसोसिएसन (डब्ल्युएफकेओ) ले फ्रिस्टाइल किक बक्सिङको प्रवर्द्धन गर्ने उद्देश्यअनुरूप चारदिने रेफ्री र प्रशिक्षक 'सेमिनार' आयोजना गर्ने भएको छ । विश्व फ्रिस्टाइल किक बक्सिङ अर्गनाइजेसन (डब्ल्युएफकेओ) का अध्यक्ष ब्रायन डब्ल्यु बेकको प्रमुख आतिथ्यतामा किक बक्सिङ एसोसिएसनले उक्त सेमिनार गर्न लागेको हो । कार्यक्रम यही साउन १७ देखि २० गतेसम्म काठमाडौंको जडीबुटीस्थित फाइट क्लब नेपालमा हुने छ । सोही अवसरमा ब्ल्याक बेस्ट ग्रेडिङ पनि हुने एसोसिएसनकी महासचिव विन्दा नेपालीले जानकारी दिइन् ।

फ्रिस्टाइल किक बक्सिङ चुनौतीपूर्ण र रोचक खेलका रूपमा चिनिन्छ । यस खेलको माध्यमबाट नेपाललाई अन्तर ाष्ट्रियस्तरसम्म पुऱ्याउने उद्देश्यसहित सेमिनार आयोजना गर्न लागिएको एसोसिएसनका अध्यक्ष देवराज श्रेष्ठले बताए ।

सेमिनारमा करिब २० जना किक बक्सर सहभागी हुने छन् । एसियन किक बक्सिङको स्वर्ण विजेतासमेत रहेकी विन्दाले यस विधाको किक बक्सिङले खेलाडीको शारीरिक क्षमता, मानसिक दृढता र रणनीतिलाई एकसाथ विकसित गर्ने बताइन् । मुक्का, खुट्टा र गतिशील चालहरूको संयोजनमा खेलिने यो खेल नेपालमा पनि क्रमशः लोकप्रिय बन्दै गएको उनले बताइन् ।


## जिराभवानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सेढवा, पर्सा
### मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गर्ने बारेको सूचना

**प्रकाशित मिति : २०८२/०४/११**

आ. व. २०८२/०८३ का लागि यस कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु आपुर्ति मर्मत संम्भार तथा सेवा प्रदान गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा छ क बमोजिम इच्छुक व्यक्ती, संस्था वा कम्पनीहरुले सूची दर्ता गर्न सम्बन्धित बिषयको कारोवार गर्न स्विकृति प्राप्त एवं आफुले आपुर्ति गर्ने सामान वा मर्मत सम्भार सम्बन्धि बिवरण र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) बमोजिमको योग्यताका कागजातहरु संम्लग्न गरि निवेदन, संस्था वा फर्म दर्ताको प्रमाणपत्र, आ. व. २०८०।०८१ को करचुक्ता तथा म्याद थपको छायाँ प्रति सहित यस गाउँपालिकाको कार्यालयमा हार्डकपी तथा यस कार्यालयको इमेल मार्फत पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. मसलन्द तथा स्टेशनरी सामानहरु आपुर्ति गर्ने,
२. छपाई सम्बन्धि कार्य गर्ने,
३. फर्निचर फर्निसिड तथा फिक्चर सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
४. ईलेक्ट्रोनिक्स, इलेक्ट्रिकल तथा संचार सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत कार्य गर्ने,
५. कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन, टोनर आपुर्ति तथा रिफिल र मर्मत सम्भार, समेतका कार्यहरु गर्ने,
६. सफ्टवेयर निर्माण, मर्मत तथा सम्भार, सम्बन्धि कार्य गर्ने,
७. गाडि तथा मोटर साईकलका पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
८. टेलिफोन मर्मत सम्भार गर्ने,
९. केबुल तथा इन्टरनेट, सम्बन्धि, काम गर्ने,
१०. जेनेरेटर मर्मत तथा सम्भार सम्बन्धि काम गर्ने,
११. बिज्ञापन सेवा,
१२. कुरियर सेवा,
१३. खानेपानी ट्याँकर, जार र मिनरल बोतल आपुर्ति,
१४. बहस पैरवि तथा कानुनी परामर्श सेवा,
१५. ढुवानी सम्बन्धि कार्य,
१६. ठेक्कापट्टा, निर्माण, कार्यालय भवन रंगरोगन तथा मर्मत कार्य ।

**शर्तहरु :**

१) प्रचलित कानुन बमोजिम अयोग्य नभएको कालो सूचिमा नपरेको व्यहोरा फर्म, कम्पनी वा संस्था स्वयंले घोषणा गरि निवेदन दिनुपर्नेछ ।
२) व्यक्ति, कम्पनी, फर्म वा संस्थाको पत्राचार गर्ने ठेगाना र सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ ।
३) सूचिकृत निर्माण व्यवसायी/आपूर्तीकर्ता/परामर्शदाता/कम्पनी/संस्था सबैलाई कार्य दिन कार्यालय बाध्य हुने छैन ।
४) व्यक्ति, कम्पनी, फर्म वा संस्थाले दुइ वा दुइ भन्दा बढि सेवाहरु उपलब्ध गराउन चाहेमा सेवा अनुसार छुट्टाछुट्टै निवेदन हार्डकपी वा ईमेल मार्फत दिनुपर्ने छ ।

**जिराभवानी गाउँपालिका, पर्सा**



## मनाङ वेभरेजेज प्रा. लि.

*भ्याट नं.: ६०९७१६७०८*
*अन्तशुल्क इजाजत नं.: २२०१०१०६७९७*

मनाङ डिस्याङ्ग गा.पा.-१, पिसाङ, भ्राताङ, मनाङ

### मनाङ वेभरेजेज प्रा. लि. द्वारा उत्पादित वाइनहरूको मूल्यसूची सम्बन्धी सूचना

यस उधोगद्वारा उत्पादित निम्न ब्राण्डका वाइन नेपाल अधिराज्यभरी मिति २०८२/०४/१२ गते देखि लागु हुने गरि निम्न बमोजिम मुल्यमा विक्रि वितरण गरिने भएकोले सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | प्याकेजिङ्ग | नेशनल डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | नेशनल डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | होलसेल मुल्य मु.अ.कर समेत प्रति कार्टुन | होलसेल कमिशन मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति एकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Manang Valley Premium** *(Sweet)* | १२x७५० एम एल | ९,०१०/- | ६५०/- | ९,६६०/- | ७४०/- | १०,४००/- | ६००/- | ११,०००/- | १,३००/- | १२,३००/- | १,०२५/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | १२x७५० एम एल | ९,०१०/- | ६५०/- | ९,६६०/- | ७४०/- | १०,४००/- | ६००/- | ११,०००/- | १,३००/- | १२,३००/- | १,०२५/- |
| **Manang Valley Premium** *(Sweet)* | २४x३७५ एम एल | ९,३६०/- | ६५०/- | १०,०१०/- | ७४०/- | १०,७५०/- | ६२०/- | ११,३७०/- | १,३५०/- | १२,७२०/- | ५३०/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | २४x३७५ एम एल | ९,३६०/- | ६५०/- | १०,०१०/- | ७४०/- | १०,७५०/- | ६२०/- | ११,३७०/- | १,३५०/- | १२,७२०/- | ५३०/- |
| **Manang Valley Premium** *(Dry)* | १२x७५० एम एल | ११,०३०/- | ७५०/- | ११,७८०/- | ८९०/- | १२,६७०/- | ७३०/- | १३,४००/- | १,६००/- | १५,०००/- | १,२५०/- |
| **Manang Valley Premium** *(Rose)* | १२x७५० एम एल | ११,०३०/- | ७५०/- | ११,७८०/- | ८९०/- | १२,६७०/- | ७३०/- | १३,४००/- | १,६००/- | १५,०००/- | १,२५०/- |
| **Manang Valley Premium** *(Sweet)* | ४x४ लि. बक्स | १४,५६०/- | ८५०/- | १५,४१०/- | १,०४०/- | १६,४५०/- | १,०००/- | १७,४५०/- | १,९५०/- | १९,४००/- | ४,८५०/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | ४x४ लि. बक्स | १४,५६०/- | ८५०/- | १५,४१०/- | १,०४०/- | १६,४५०/- | १,०००/- | १७,४५०/- | १,९५०/- | १९,४००/- | ४,८५०/- |

नोटः उल्लेखित मुल्यमा आवश्यकता अनुसार व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरु सोधभर्ना उपलब्ध गराउन सकिनेछ ।

गाजामा भोकमरी

# इजरायली सेनाले गाजाका तीन क्षेत्रमा लडाइँ रोक्ने



**देइर अल–बलाह (गाजा पट्टी)–** इजरायली सेनाले आइतबार गाजाका ठूलो जनसंख्या भएका तीन क्षेत्रमा दिनको १० घण्टाका लागि लडाइँ रोक्ने र निराश प्यालेस्टिनीहरूलाई सहायता वितरणका लागि सुरक्षित मार्गहरू खोल्ने बताएको छ ।

यो २१ महिनाको युद्धमा इजरायलको आचरणलाई लिएर अन्तर्राष्ट्रिय आलोचनाको लहरको सामना गर्दा क्षेत्रमा बढेको भोकमरीलाई सम्बोधन गर्ने उद्देश्यले लिइएका कदमहरूको शृंखला हो । सेनाले ठूलो जनसंख्या भएको क्षेत्रका तीन क्षेत्र गाजा सहर, देइर अल-बलाह र मुवासीमा 'मानवीय सहायताको मात्रा बढाउन' क्षेत्रमा प्रवेश गर्न 'रणनीतिक विराम' सुरु गर्ने बताएको छ ।

यो विराम आइतबारदेखि सुरु भएर अर्को सूचना नभएसम्म हरेक दिन स्थानीय समयअनुसार बिहान १०:०० बजेदेखि बेलुकी ८:०० बजेसम्म हुने छ । सेनाले आइतबार गाजामा सहायता एयरड्रपहरू गरेको पनि बताएको छ, जसमा पिठो, चिनी र डिब्बाबन्द खानाको साथ सहायताको प्याकेजहरू समावेश थिए ।

खाद्यविज्ञहरूले गाजामा अनिकालको जोखिमका लागि महिनौंदेखि चेतावनी दिएका छन् । हमासले आफ्नो शासनलाई बलियो बनाउन मद्दत गर्न सामानहरू चोर्ने गरेको बताउँदै त्यहाँ इजरायलले सहायतामा प्रतिबन्ध लगाएको छ । हालैका दिनहरूमा गाजाबाट देखिएका कमजोर बालबालिकाका तस्बिरहरूले नजिकका सहयोगीहरू लगायत इजरायलको विश्वव्यापी आलोचनालाई बढावा । उनीहरूले युद्ध र यसले जन्माएको मानवीय विपत्तिको अन्त्यको आह्वान गरेका छन् । इजरायलले अन्य क्षेत्रमा हमासविरुद्ध आक्रमण जारी राख्दै नयाँ उपायहरू अपनाइरहेको बताएको छ ।

इजरायल र हमासबीचको युद्धविराम प्रयासहरू शंकास्पद देखिएको केही दिनपछि स्थानीय लडाइँमा विराम लागेको हो । शुक्रबार इजरायल र अमेरिकाले हमासलाई दोष दिँदै आफ्ना वार्ता टोलीहरूलाई फिर्ता बोलाए र इजरायलले लडाकु समूहसँग युद्धविराम वार्ताका 'वैकल्पिक विकल्पहरू' बारे विचार गरिरहेको बताएको छ । मार्चमा पछिल्लो युद्धविराम समाप्त भएपछि इजरायलले बन्धकहरूलाई रिहा गर्न हमासलाई दबाब दिने उद्देश्यले गाजामा खाना, औषधि, इन्धन र अन्य आपूर्तिको प्रवेश अढाई महिनाका लागि पूर्णरूपमा बन्द गरेको थियो ।

अन्तर्राष्ट्रिय दबाबमा इजरायलले मेमा नाकाबन्दीलाई अलिकति सहज बनायो । त्यसपछि उसले संयुक्त राष्ट्रसंघ र अन्य सहायता समूहहरूलाई वितरण गर्न करिब चार हजार पाँच सय ट्रकलाई प्रवेशको अनुमति दिएको छ । तथापि दैनिक औसत ६९ ट्रक संयुक्त राष्ट्रसंघले भनेअनुसार गाजाका लागि आवश्यक दैनिक ५०० देखि ६०० ट्रकभन्दा धेरै कम छ । संयुक्त राष्ट्रसंघले भोकाएका भीड र गिरोहहरूले आउने ट्रकहरूबाट अधिकांश लिएका कारण धेरै सहायता वितरण गर्न नसकेको बताएको छ ।

संयुक्त राष्ट्रसंघबाट सहायता वितरणलाई डाइभर्ट गर्ने तरिकाका रूपमा इजरायलले अमेरिकामा दर्ता भएको गाजा मानवीय फाउण्डेसनलाई समर्थन गरेको छ । उक्त फाउण्डेसनले मे महिनामा खाद्यान्न आपूर्तिको बाकसहरू वितरण गर्ने चार केन्द्र खोलेको थियो । मे महिनादेखि इजरायली सेनाले खाना प्राप्त गर्न खोज्दा प्रायः नयाँ सहायता साइटहरू नजिकै एक हजारभन्दा बढी प्यालेस्टिनी मारिएको राष्ट्रसंघीय मानवअधिकार कार्यालयले जनाएको छ ।

इजरायलले प्रमाण प्रदान नगरी राष्ट्रसंघविरुद्ध उसको प्रणालीले युद्धभरि हमासलाई सहायता चोर्न अनुमति दिएको भन्दै आलोचना गरेको छ । संयुक्त राष्ट्रसंघले उक्त दाबीलाई अस्वीकार गर्दै उसको वितरण संयन्त्र प्यालेस्टिनीहरूलाई सहायता पुऱ्याउने उत्तम तरिका थियो भनेको छ । सेनाले संयुक्त राष्ट्रसंघ र अन्य मानवीय समूहहरूको समन्वयमा नयाँ कदम चालेको बताएको छ । जमिनका साना-साना भागहरूमा लडाइँ गरेर दबाएको गाजाको धेरैजसो जनसंख्या अहिले सहायतामा निर्भर छ ।

सन् २०२३ अक्टोबर ७ मा एक हजार २०० मानिसको हत्या र २५१ जनालाई बन्धक बनाउँदै दक्षिणी इजरायलमा हमासले आक्रमण गरेपछि युद्ध सुरु भएको हो । हमासले अझै पनि ५० बन्धकलाई समातेर राखेको छ । तीमध्ये आधाभन्दा बढी मरेको अनुमान गरिएको छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको जवाफी आक्रमणमा ५९ हजार ७०० भन्दा बढी प्यालेस्टिनी मारिएका छन् । यसको गणनाले आतंकवादी र नागरिकबीचको भिन्नता देखाउँदैन, तर मन्त्रालयले मृतकमध्ये आधाभन्दा बढी महिला र बालबालिका रहेको बताएको छ । यो मन्त्रालय हमास सरकारको अधीनमा रहेको छ । संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले यसलाई हताहतको तथ्यांकको सबैभन्दा भरपर्दो स्रोतको रूपमा हेर्छन् । *रासस/एपी*

# हरिद्वारको मन्दिरमा भागदौड मच्चिँदा छ जनाको मृत्यु

**हरिद्वार–** भारतको उत्तराखण्ड राज्यमा रहेको एक प्रसिद्ध हिन्दू मन्दिरमा आइतबार भीडभाड भई भागदौड मच्चिँदा कम्तीमा छ जनाको मृत्यु भएको छ ।

हिन्दू धर्मावलम्बीको पवित्र सहर हरिद्वारस्थित गंगा नदीको किनारमा रहेको मनसादेवी मन्दिर जाने सिँढीमा भागदौड मच्चिँदा कयौं घाइते भएका छन् । 'छ जनाको मृत्यु भएको छ भने १० भन्दा बढी घाइतेलाई अस्पतालमा भर्ना गरिएको छ,' सहरका वरिष्ठ प्रहरी अधिकारी परमेन्द्र डोभलले एएफपीलाई बताए । उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले राहत र उद्धार कार्य जारी रहेको बताएका छन् । 'यस विषयमा म स्थानीय प्रशासनसँग निरन्तर सम्पर्कमा छु र स्थितिको निरन्तर अनुगमन भइरहेको छ,' उनले भने ।


**भगवानपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भगवानपुर, सिराहा**
**मधेश प्रदेश, नेपाल**

**मौजुदा सूची दर्ता गर्ने बारेको सूचना**

**प्रकाशित मिति : २०८२/०४/११**

आ. व. २०८२/०८३ का लागि यस कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु आपुर्ति मर्मत संम्भार तथा सेवा प्रदान गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा छ क बमोजिम इच्छुक व्यक्ती, संस्था वा कम्पनीहरुले सूची दर्ता गर्न सम्बन्धित बिषयको कारोवार गर्न स्विकृति प्राप्त एवं आफुले आपुर्ति गर्ने सामान वा मर्मत सम्भार सम्बन्धि बिवरण र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) बमोजिमको योग्यताका कागजातहरु संम्लग्न गरि निवेदन, संस्था वा फर्म दर्ताको प्रमाणपत्र, आ. व. २०८०।०८१ को करचुक्ता तथा म्याद थपको छायाँ प्रति सहित यस गाउँपालिकाको कार्यालयमा हार्डकपी तथा यस कार्यालयको इमेल मार्फत पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. मसलन्द तथा स्टेशनरी सामानहरु आपुर्ति गर्ने,
२. छपाई सम्बन्धि कार्य गर्ने,
३. फर्निचर फर्निसिड तथा फिक्चर सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
४. ईलेक्ट्रोनिक्स, इलेक्ट्रिकल तथा संचार सम्बन्धि सामानहरु आपुर्ति तथा मर्मत कार्य गर्ने,
५. कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन, टोनर आपुर्ति तथा रिफिल र मर्मत सम्भार, समेतका कार्यहरु गर्ने,
६. सफ्टवेयर निर्माण, मर्मत तथा सम्भार, सम्बन्धि कार्य गर्ने,
७. गाडि तथा मोटर साईकलका पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भार गर्ने,
८. टेलिफोन मर्मत सम्भार गर्ने,
९. केबुल तथा इन्टरनेट, सम्बन्धि, काम गर्ने,
१०. जेनेरेटर मर्मत तथा सम्भार सम्बन्धि काम गर्ने,
११. बिज्ञापन सेवा,
१२. कुरियर सेवा,
१३. खानेपानी ट्याँकर, जार र मिनरल बोतल आपुर्ति,
१४. बहस पैरवि तथा कानुनी परामर्श सेवा,
१५. ढुवानी सम्बन्धि कार्य,
१६. ठेक्कापट्टा, निर्माण, कार्यालय भवन रंगरोगन तथा मर्मत कार्य ।

**शर्तहरु :**

१) प्रचलित कानुन बमोजिम अयोग्य नभएको कालो सूचिमा नपरेको व्यहोरा फर्म, कम्पनी वा संस्था स्वयंले घोषणा गरि निवेदन दिनुपर्नेछ ।
२) व्यक्ति, कम्पनी, फर्म वा संस्थाको पत्राचार गर्ने ठेगाना र सम्पर्क नम्बर उल्लेख गर्नुपर्नेछ ।
३) सूचिकृत निर्माण व्यवसायी/आपूर्तीकर्ता/परामर्शदाता/कम्पनी/संस्था सबैलाई कार्य दिन कार्यालय बाध्य हुने छैन ।
४) व्यक्ति, कम्पनी, फर्म वा संस्थाले दुइ वा दुइ भन्दा बढि सेवाहरु उपलब्ध गराउन चाहेमा सेवा अनुसार छुट्टाछुट्टै निवेदन हार्डकपी वा ईमेल मार्फत दिनुपर्ने छ ।

**भगवानपुर गाउँपालिका, सिराहा**


# एआई नियमनमा तत्काल 'विश्वव्यापी धारणा' आवश्यक

**जेनेभा–** संयुक्त राष्ट्रसंघकी उच्च प्रविधि प्रमुखले कृत्रिम बौद्धिकता (एआई) को नियमनका लागि विश्व समुदायले तत्काल विश्वव्यापी दृष्टिकोण खोज्नुपर्ने बताएकी छन् । राष्ट्रसंघको अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (आइटियू) की प्रमुख डोरिन बोगदान-मार्टिनले एएफपीसँग कुरा गर्दै एआईले वास्तवमै मानवतालाई फाइदा पुऱ्याउन सक्ने विश्वास व्यक्त गरिन् । तीव्र गतिमा अघि बढिरहेको प्रविधिले ठूलो संख्यामा रोजगारी गुम्ने डर, डिपफेक र गलत सूचनाको फैलावट र समाजमा यसको प्रयोगले पार्ने नकारात्मक प्रभाव र जोखिमका बारेमा चिन्ता बढ्दै जाँदा उनले नियमन मुख्य रहेकोप्रति जोड दिइन् ।

उनले भनिन्, 'सही ढाँचा प्राप्त गने मार्ग कोर्न एक वैश्विक दृष्टिकोणको आवश्यकता छ ।' अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिका एआईमा चीनभन्दा अगाडि रहेको पुष्टि गर्न यसै साता कम नियमन गर्ने आक्रामक रणनीति सार्वजनिक गरेपछि उनको यो टिप्पणी आएको हो । करिब ९० भन्दा बढी प्रस्तावहरूमध्ये ट्रम्पको योजनाले व्यापक विनियमनको माग गर्दछ, प्रशासनले 'अनावश्यक बन्देज र र कठोर नियमन हटाउने' वाचा गरेको छ जसले निजी क्षेत्रको एआई विकासमा बाधा पुऱ्याउन सक्छ ।

एआई प्रविधिको नियमनका लागि कम आग्रह गर्ने दृष्टिकोणको बारेमा उनको चिन्ता छ कि छैन भनी सोधिएको प्रश्नमा बोगदान-मार्टिनले कुनै टिप्पणी गर्न अस्वीकार गर्दै भनिन्, 'उहाँ अझै पनि अमेरिकी योजनालाई पचाउन प्रयास गरिरहनुभएको छ ।'

## 'आलोचनात्मक'

'मलाई लाग्छ, प्रस्तावमा विभिन्न दृष्टिकोणहरू छन्,' उनले भनिन्, 'हामीसँग इयू, चीन र अन्य मुलुकको दृष्टिकोण छ । अहिले हामी अमेरिकी दृष्टिकोण देखिरहेका छौं । मलाई लाग्छ, वार्ताका लागि ती दृष्टिकोणको खाँचो छ ।' उनले ८५ प्रतिशत मुलुकसँग अझै पनि एआई नीति वा रणनीति नभएको बताएकी छन् । 'ती रणनीतिहरूमध्ये एक सुसंगत विषय नवीनता, क्षमता निर्माण र पूर्वाधार लगानीमा ध्यान केन्द्रित गर्नु हो,' बोगदान-मार्टिनले भनिन्, 'बहस अझै पनि विश्वव्यापी स्तरमा हुन आवश्यक छ भन्ने मलाई लाग्छ । राष्ट्रसंघीय यस निकायले कति बढी नियमन र कति कम नियमन आवश्यक छ भनेर पत्ता लगाउने प्रयास गरिरहेको छ ।'

अमेरिकाको न्युजर्सीमा हुर्केकी र आफ्नो तीन दशकभन्दा लामो रोजगारीको अधिकांश समय आइटियूमा बिताएकी बोगदान-मार्टिनले जेनेभास्थित दूरसञ्चार निकायले नयाँ प्रविधिका लागि मापदण्ड निर्धारण गरेको र यस विषयमा अति आवश्यक संवादलाई सहज तुल्याउन सहयोग गर्ने बताएकी छन् । उनले भनिन्, 'मलाई लाग्छ, विश्वव्यापी दृष्टिकोणको आवश्यकता महत्त्वपूर्ण छ । खण्डित दृष्टिकोणहरूले सबैलाई सेवा गर्न र पुग्न मद्दत गर्दैन ।' देश र कम्पनीहरू फस्टाउँदै गएको क्षेत्रमा आफ्नो प्रभुत्व बलियो बनाउन दौडिरहेका बेला सावधानीहरू हावामा फर्याँकिन सक्छन् भन्ने चिन्ताहरू उब्जिएका छन् । दौड गुमाउने वा भाग लिने क्षमता नभएकाहरू पछि पर्ने छन् ।

## 'विशाल अन्तर'

आइटियू प्रमुखले एआइभित्र शिक्षा, कृषिदेखि स्वास्थ्य सेवासम्मका सबै कुरामा सुधार गर्न सक्ने क्षमताका साथ 'चकित पार्ने' प्रगतिको प्रशंसा गर्दै भनिन्, 'ठोस प्रयासविना एआईले 'असमानतालाई बढावा दिने' का लागि खडा हुने जोखिम छ ।' उनले विश्वव्यापी रूपमा पहिले नै भयानक डिजिटल विभाजनलाई गहिरो नगर्न चेतावनी दिइन् । बोगदान मार्टिनले भनिन्, 'हामीसँग दुई अर्ब ६० करोड मानिस इन्टर नेटको पहुँचमा छैनन्, जसको अर्थ उनीहरूसँग एआईको पहुँच छैन ।' उनले अगाडि थपिन्, 'यदि हामी वास्तवमा सम्पूर्ण मानवताका लागि फाइदाजनक केही गर्न चाहँदै छौं भने हामीले ती विभाजनहरूको सामना गर्नु पर्दछ ।'

संगठनको लगभग १६० वर्षको इतिहासमा आइटियूको महासचिवको रूपमा सेवा गर्ने पहिलो महिला बोगदान-मार्टिनले पनि डिजिटल स्पेसमा धेरैभन्दा धेरै महिलाहरूलाई ल्याउनुपर्ने आवश्यकतामा जोड दिइन् । उनले भनिन्, 'हामीबीच ठूलो खाडल छ । हामीसँग निश्चित रूपमा एआईमा पर्याप्त महिलाहरू छैनन् ।' *रासस/एएफपी*


**Diprung Chuichumma Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Yangsolatar, Khotang**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**First Date of publication: 2082/04/12 (28 July, 2025)**

1. Diprung Chuichumma Rural Municipality invites electronic bids from eligible domestic bidders for the contracts named below:-

| S. N. | Contract Identification Number | Work Description/ Name of Project | Estimated Cost (NRs) (Incl. VAT & PS) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | DCRM/ WORKS/NCB-01/2082/083 | Upgrading of Bhandare Khisakha Plus Two Sadak | NPR. 10,896,883.80 | NPR.3,00,000 | 120 days | NPR.3,000 |

2. Bidding Document is available online and can be downloaded from e-GP: *http://www.bolpatra.gov.np/egp*. Interested bidder should register in the e-GP system and deposit the required amounts in the following specified bank account: -
Name of Bank: Sanima Bank, Diprung Branch
A/C No.: 071010040000014 (Diprung Chui. Ga. Pa. Ga.1.1 Antarik Rajawa Khata) for bid document fee.
A/C No: 071010020000020 (Diprung Chui. Ga. Pa.Ga.3.1. (Ga.Pa.Ga.3.1. Sthaniya Tatha Dharauti Khata) for bid security fee.
3. Electronic bids must be submitted through PPMO website *www.bolpatra.gov.np/egp* before ***12:00 PM on 2082/05/11.*** The bids will be opened in the presence of Bidders' representatives (if attended) who choose to attend at ***2082/05/11 at 1:00 pm.***
4. If the last date of purchasing /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १९३६०० | प्रति तोला – ० | प्रति तोला – २२५० |



**भूमिगत पानी** | **सर्लाहीको हरिपुर नगरपालिका–७, चिताइनमा वर्षा नभएपछि विद्युतीय मोटरबाट भूमिगत पानी निकालेर रोपाइँका लागि तयारी गरिँदै । सिँचाइको राम्रो सुविधा नभएको यस क्षेत्रमा आकासेपानी नपरेपछि किसानलाई धान रोप्न निकै समस्या भएको छ ।**
*तस्बिरः सिंघबहादुर थापा/रासस*

## वित्त आयोगको प्रस्टीकरण

# अर्थको अनुमति लिएरै युएसएडसँग सहकार्य

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अर्थ मन्त्रालयको सहमति लिएरै अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएड) सँग वित्तीय संघीयता कार्यान्वयन र सार्वजनिक वित्त व्यवस्थापन सहायतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको प्रस्टीकरण दिएको छ ।

सरकारको अनुमतिविनै युएसएडसँग सहकार्य गरेर कार्यक्रम सञ्चालन गरेको भन्दै आयोगका पदाधिकारीविरुद्ध प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिमा उजुरी परेको थियो । समितिले उक्त उजुरीमाथि आइतबार आयोगसँग जवाफ लिएको हो ।

बैठकमा आयोगका कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरुङले युएसएडसँगको सहकार्य अर्थ मन्त्रालयको समन्वय र सहकार्यमा भएको बताए । 'अर्थ मन्त्रालय र युएसएडबीच २०७९ माघ २३ गते परियोजना कार्यान्वयनका लागि सम्झौता भएको र मन्त्रालयले आयोगलाई प्रतिनिधि तोक्नका लागि २०७९ फागुन ४ गते पत्र पठाएको थियो । आयोगको २०८० भदौ ६ गतेको बैठकबाट विभिन्न १८ वटा क्रियाकलापसहित सार्वजनिक वित्त व्यवस्थापन सहायतासम्बन्धी निर्णय भई सहयोगका लागि २०७० भदौ ७ गते अर्थ मन्त्रालयलाई पत्राचार भएको थियो,' कार्यबाहक अध्यक्ष गुरुङले आइतबारको बैठकमा भने ।

यसरी आयोगबाट मन्त्रालयलाई विभिन्न १८ वटा कार्यक्रम प्रस्ताव भएकोमा २०८० असोज १४ गते को निर्णयबाट छ वटा क्रियाकलाप छनोट गरी कार्यान्वयनका लागिसमेत मन्त्रालयलाई पत्राचार भएको भएको उनको भनाइ छ । नेपालमा वित्तीय संघीयता कार्यान्वयन र सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालनका लागि आयोगले सोझै युएसएडसँग रकम लिएको भन्दै अर्थ समितिमा उजुरी छ ।

त्यस्तै, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलेसमेत 'नेपालमा वित्तीय संघीयता कार्यान्वयनका लागि दिइएको अमेरिकी डलर दुई करोड र जैविक विविधता संरक्षणका लागि दिइएको अमेरिकी डलर एक करोड ९० लाख धोकाधडी हो' भन्ने सार्वजनिक अभिव्यक्ति दिएका थिए । यस विषयमा वित्त आयोगले अर्थ मन्त्रालय र युएसएडबीच औपचारिक सम्झौता भएरै यी कार्यक्रमहरू सञ्चालन भएको जनाएको हो । आयोगलाई बदनाम गराउने र दुःख दिने नियतले आयोगकै पूर्वसदस्य अमरराज मिश्रले विभिन्न निकायमा उजुरी गर्दै हिँडेको आरोप पनि कार्यवाहक अध्यक्ष गुरुङको छ ।

'अर्थ समितिसहित विभिन्न निकायमा परेका उजुरीमा अरु कसैको नाम भए पनि आयोगकै पूर्वसदस्यले हामीलाई दुःख दिने नियतले यस्तो काम गरिरहनुभएको छ । उहाँ आयोगमा कार्यरत हुँदा पनि कहिल्यै सजिलोसँग काम गर्न दिनुभएन,' कार्यवाहक अध्यक्ष गुरुङको भनाइ छ । आयोगका पूर्वसदस्य मिश्रको राजीनामा यही साउन १ गतेबाट लागू हुनेगरी राष्ट्रपतिबाट स्वीकृत भइसकेको छ । आयोगमा विकृति बढ्दै गएको र आफूले सुधारका प्रयास गरे पनि सफल नभएपछि राजीनामा दिएको मिश्रले बताउँदै आएका छन् ।

त्यस्तै, आयोगका सदस्य विपिनराज निरौला नेपाल सरकारको स्वीकृतिविनै विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको खर्चमा पटक-पटक विदेश भ्रमणमा जाने गरेको भन्दै अर्थ समितिमा उजुरी परेको थियो । सदस्य निरौलाले भने आफू हालसम्म कुनै पनि सरकारी तथा गैरसरकारी संस्थाको खर्चमा विदेश नगएको तर आफ्नो व्यक्तिगत काम र खर्चमा संयुक्त राष्ट्रसंघका केही कार्यक्रममा भाग लिएको बताए । 'मैले हालसम्म कुनै पनि संघसंस्थाको रकममा विदेश भ्रमण गरेको वा कुनै कार्यक्रममा भाग लिएको छैन, आफ्नै व्यक्तिगत खर्च र पहलमा संयुक्त राष्ट्रसंघका केही कार्यक्रममा भाग लिएको हुँ । त्यो मेरो नितान्त व्यक्तिगत वृत्तिविकासका लागि गरेको हुँ,' सदस्य निरौलाले अर्थ समितिको बैठकमा भने ।

वित्त आयोगले सरकारलाई दिएका सुझाव तथा सिफारिस कार्यान्वयन कमजोर रहेकोबारे पनि अर्थ समितिलाई जानकारी गराएको छ । क्यासिनो, चिट्ठाजस्ता क्षेत्र संघ र प्रदेश सरकारको साझा अधिकार सूचीमा रहेकाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०८४ मा सोको रोयल्टी बाँडफाँटसम्बन्धी प्रावधान थप गरिनुपर्ने भनेर आयोगले सुझाव दिएको भए पनि त्यसको हालसम्म कार्यान्वयन हुन नसकेको कार्यवाहक अध्यक्ष गुरुङले बताए ।

त्यस्तै, संघ सरकारले समानीकरण अनुदान कटौती गर्नु पनि संविधान र वित्त आयोगको सुझावविपरीत रहेको उनको भनाइ छ । 'राजस्व संकलनको लक्ष्य पूरा नभएको कारण मन्त्रिपरिषद्को निर्णयबाट आर्थिक वर्षको अन्त्यमा समानीकरण अनुदान कटौती गर्ने गरिएको छ । वित्तीय समानीकरण अनुदानबापतको रकम आर्थिक वर्षको बीचमा कुनै पनि अवस्थामा कट्टा नगर्ने सुनिश्चितता गरिनुपर्छ,' उनले भने ।

# भूमि विधेयकमाथि संसदीय समितिमा छलफल सुरू

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८२' माथि छलफल सुरु भएको छ । आइतबारको बैठकमा सो विधेयकमाथि संशोधन दर्ता गराएका सांसदसँग छलफल भएको हो ।

प्रतिनिधिसभाले यही साउन ९ गते विधेयकलाई दफावार छलफलका लागि समितिमा पठाएको थियो । सरकारले भूमि ऐन, २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०१९ र वन ऐन, २०७६ का विभिन्न बुँदामा संशोधन गर्ने गरी सो विधेयक प्रस्तुत गरेको हो । गत वैशाख २३ गते प्रतिनिधिसभामा दर्ता भएको उक्त विधेयकमा गत जेठ ६ गते सामान्य छलफल भएको थियो ।

विधेयकका सन्दर्भमा विभिन्न कोणबाट पक्ष र विपक्षमा टिप्पणी भइरहेको छ । यसै सन्दर्भमा समितिले आइतबारदेखि छलफल सुरु गरेको हो । बैठकमा विधेयकमाथि अब नियमितजसो छलफल गरी सहमति गरिने जानकारी दिइयो । बैठकमा सांसदहरू हितराज पाण्डे, उपेन्द्र यादव, विमला सुवेदी, दुर्गा राईलगायतले विधेयकका विभिन्न दफाबारे जिज्ञासा राखेका थिए ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष यादवले प्रस्तावित विधेयकले संविधानको मर्मलाई ख्याल तथा प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकारलाई ख्याल नगरेको बताए । उनले विधेयकले केही व्यवसायीलाई मात्रै फाइदा हुने र भूमिहीनले जग्गा नपाउने तर्क गरे ।

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक पाण्डेले राष्ट्रिय निकुञ्जको जग्गा पुनः नक्सांकनलगायत विषयमा आफ्नो जिज्ञासा राखेका थिए । मध्यवर्ती क्षेत्रका वन-जंगल व्यवस्थित गर्नुपर्नेमा सरकारले फँडानी गर्ने गरी कानुन बनाउन लागेको त होइन भन्ने आशंका पैदा भएको भन्दै उनले टिप्पणी गरे । सांसद सुवेदीले विधेयकमा समावेश सूचित आदेश, तोकिएबमोजिम हुनेछ, निर्देशिकाअनुसार, कार्यविधिअनुसार भन्नेजस्ता शब्द हटाउनुपर्ने धारणा राखे । उनले यस्ता शब्दले कानुनको दुरूपयोग हुन सक्ने तर्क गरे ।

# नेप्से परिसूचक घट्यो कारोबार ११ महिनायताकै उच्च

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन सेयरबजारमा 'करेक्सन' देखिएको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १८.४४ अंकले घटेको हो । यससँगै नेप्से दुई हजार ९६४.२० को बिन्दुमा कायम भएको छ । परिसूचक घटे पनि कारोबार रकम साढे २६ अर्ब रूपैयाँ नाघेको नेप्सेले जनाएको छ । आइतबार ३२३ कम्पनीको पाँच करोड ८६ लाख ५३ हजार ७६२ कित्ता सेयर दुई लाख तीन हजार ६५८ पटक खरिदबिक्री हुँदा २६ अर्ब ५७ करोड ७४ लाख ३८ हजार रूपैयाँबराबरको कारोबार भएको छ । आइतबारको कारोबार रकम पछिल्लो करिब ११ महिनाकै उच्च हो ।

विकास बैंक समूह १.२३, उत्पादन तथा प्रशोधन १.०८, म्युचुअल फण्ड ०.३९ र व्यापार समूह १.४४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ ०.७१, वित्त १.९९, होटल तथा पर्यटन १.७९, जलविद्युत् १.०९, लगानी १.६६, जीवन बिमा १.३५, निर्जीवन बिमा ०.६७ र अन्य समूह ०.८६ प्रतिशतले घटेको छ । आइतबारको कारोबारमा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड र ट्रेड टावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्य ६.३४ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी शिवम् सिमेन्ट लिमिटेडको एक अर्ब दुई करोड तीन लाख ३५ हजार रूपैयाँबराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा बढी लक्ष्मी सन्राइज बैंक प्रमोटरको सेयर २१ लाख २० हजार ९१२ कित्ता किनबेच भएको छ ।

## कर्पोरेट

# नेसनल लाइफको 'गाला कन्सर्ट'



**काठमाडौं (प्रस)–** नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले अभिकर्ताहरूका लागि गाला कन्सर्ट सम्पन्न गरेको छ । भैरहवाको होटल सिद्धार्थ भिलासामा नेसनल लाइफ गाला कन्सर्ट सम्पन्न गरिएको हो ।

कम्पनीका अनुसार २०८२ जेठ महिनामा जारी गरेको मासिक योजनाअनुरूप उत्कृष्ट कार्य गरी तोकिएको लक्ष्य पूरा गर्न सफल अभिकर्ताहरूलाई कार्यक्रममा सहभागी गराइएको थियो । कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले उद्घाटन गरेको उक्त कार्यक्रममा विभागीय प्रमुखहरू र विभिन्न शाखाका शाखा प्रमुखहरू गरी करिब ३५० जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा आमन्त्रित अभिकर्ताहरूलाई स्ट्रेस म्यानेजमेण्टसम्बन्धी प्रशिक्षणसमेत प्रदान गरिएको थियो । प्रशिक्षणका क्रममा प्रशिक्षक रामहरी पौडेलले तनाव व्यवस्थापन गर्ने विभिन्न आयामहरू प्रस्तुत गरेका थिए । त्यसपछि मनोरञ्जनात्मक एवं सांगीतिक प्रस्तुतिहरू राखिएको थियो ।

कन्सर्टमा स्टचाण्ड अप कमेडियन सुमन कोइरालाको कमेडी प्रस्तुतिसहित प्रकाश सपुत, समिक्षा अधिकारी, बावुल गिरी र भोजपुरी गायक सोनुकुमार मण्डलले सांगीतिक प्रस्तुति राखे । यसैगरी डिजे अमुको प्रस्तुतिमा अभिकर्ताहरूले भरपुर मनोरञ्जन लिएका थिए ।

# सानिमा रिलायन्सको 'स्टार एजेन्सी मिट' सम्पन्न

**काठमाडौं (प्रस)–** सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले गत आर्थिक वर्ष २०८१/८२ मा उत्कृष्ट व्यवसाय गर्न सफल अभिकर्ताहरूलाई पुरस्कृत गरेको छ । साथै, कम्पनीले प्रदेशस्तरीय प्रोत्साहनको कार्यक्रम 'स्टार एजेन्सी मिट–२०८२' सम्पन्न गरेको छ । बनेपा, चाबहिल, कौशलटार र पाटन रिजनका अभिकर्तामध्ये प्रथम बिमा शुल्क संकलन, बिमालेख संख्या र टिम व्यवसाय विधामा उत्कृष्ट तीनभित्र पर्न सफल स्टार एजेन्सीहरूलाई विशेष सम्मान गरिएको हो ।

कार्यक्रममा कम्पनीका नायव प्रमुख कार्यकारी अधिकृत निराजन कँडेलले जीवन बिमा व्यवसायमा बिमा सल्लाहकारहरूको महत्त्व र अपरिहार्यतामाथि प्रकाश पार्दै कार्यक्रमबाट सिकेका कुराहरूलाई व्यवहारमा उतारेर यस वर्ष



कम्पनीलाई अझै नयाँ उचाइमा पुऱ्याउनुपर्नेमा जोड दिए । कम्पनीले गत आवमा ७०० करोडभन्दा बढीको बिमा शुल्क संकलन गर्न सफल भएकोमा सम्पूर्ण अभिकर्ताहरूलाई धन्यवाद ज्ञापनसमेत गरे । कम्पनीका प्रमुख व्यवसाय अधिकृतहरूले बोल्दै अभिकर्ताहरूलाई आवश्यक सीप र कलाको बारेमा प्रस्ट परेका थिए । कार्यक्रममा क्षेत्रीय प्रबन्धक, एरिया म्यानेजर र शाखा प्रमुखसहित ७०० भन्दा बढी अभिकर्ताहरूको उपस्थिति रहेको थियो ।


**हेपाटाइटिस रोगबाट बचौं**

- हेपाटाइटिस कलेजोमा हुने एक प्रकारको संक्रमण हो,
- यस्तो संक्रमणले कलेजो बिग्रन सक्छ,
- हेपाटाइटिस A, B, C, D, / E गरी पाँच प्रकारका हुन्छन् ।

**यसका लक्षणहरू:**

- थकान महसुस हुने,
- पेट दुखे,
- आँखाको सेतो भाग पहेँलो हुने (जन्डिस देखिने),
- वान्ता वा खानामा अरूचि हुने,
- जतौल घट्ने जस्ता लक्षण देखिन सक्छन् ।

**हेपाटाइटिसबाट बच्न:**

- सफा पानी पिउने,
- स्वच्छ खाना खाने,
- हेपाटाइटिस विरूद्धको खोप लगाउने,
- संक्रमितको रगत तथा सुईबाट टाढा रहने,
- सुरक्षित यौन सम्पर्क गर्ने ।

**"हेपाटाइटिस रोकथाम गरौं, जीवन जोगाऔं"**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ